**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं।**

❖ मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
❖ मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
❖ प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
❖ जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
❖ वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
❖ ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
❖ वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : ६६ ★ ने. सं. ११४६ चौला थ्व, द्वादशी ★ सोमबार ★ १६ चैत, २०८२ ★ March 30, 2026, Monday ★ मूल्य रु.५।– ★ पृष्ठ ८



संयुक्त अधिराज्य (बेलायत) को राजधानी लन्डनमा युद्ध, युद्धपिपासु र जातिवादीहरूको विरोधमा इरान-अमेरिका, इजरायल युद्धको विरोध गर्दै भएको विशाल जुलुस प्रदर्शन मार्च २८, २०२६ का दिन । उक्त जुलुस क्रान्तिकारी कम्युनिस्ट पार्टी (आरसीपी) को आह्वानमा भएको हो ।

*तस्बिर : आरसीपीको फेसबुकपेज*

# देको मिवा आवास योजनामा देखिएका समस्याबारे सरोकारवालाहरूसँग छलफल



भक्तपुर, १५ चैत । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इटापाके जग्गा एकीकरण आयोजनामा स्थानीय उपभोक्ताहरूका न्यायोचित मागहरू सम्बोधन गर्ने विषयमा सरोकारवालाहरूसँग सकारात्मक छलफल भइरहेको छ। यसै क्रममा नगरकोट सडक छेउमा आयोजनापूर्व नगरपालिकाको नियमानुसार नक्सापास गरी घर निर्माण गरेका घरधनीहरूको आइतबार नगरपालिका सभाकक्षमा छलफल सम्पन्न भयो ।

कार्यक्रममा वडा नं. ७ का वडाध्यक्ष एवम् वार्ता समितिका उकेश कवांले जनभावनाको कदर गर्दै स्थानीय उपभोक्ताहरूको अधिकतम् हितमा आयोजनालाई अगाडि बढाउन प्रयत्नशील रहेको बताउनुभयो ।

सल्लाघारीदेखि देकोचासम्मको नगरकोट सडकको छेउमा आयोजना अन्तर्गत परेका घरजग्गाका जनताको समस्यालाई नगरपालिका र आयोजनाले गम्भीरतापूर्वक अध्ययन गरिरहेको उल्लेख गर्दै उहाँले सरोकारवालाहरूको माग र आयोजनाका प्राविधिकहरूको विश्लेषणका आधारमा यथासक्य चाँडो समस्या समाधान गर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागी स्थानीय जनताले नगरकोट सडकको हालको अवस्था आयोजनापूर्व नै तय भई भौतिक निर्माणसमेत भएको हुँदा आयोजनाबाट थप कटौती गर्न नहुने, जग्गाको मूल्याङ्कन रकम बढेको, जग्गा कटौती प्रक्रियामा प्राविधिक त्रुटी रहेको आदि गुनासाहरू व्यक्त गर्दै जनप्रतिनिधिहरूबाट हाल भइरहेको प्रयत्न सकारात्मक रहेको बताउनुभयो ।

# मिनियापोलिसमा पुनः उत्रियो विरोधको लहर

मिनियापोलिस (संयुक्त राज्य अमेरिका), १५ चैत (एएफपी) । अमेरिकी आप्रवासन नीतिविरूद्ध बढ्दो असन्तुष्टिका बिच 'नो किङ्स' आन्दोलनले मिनियापोलिसलाई फेरि राष्ट्रिय ध्यानको केन्द्रमा ल्याएको छ । यस सहरमा शनिबार दशौँ हजार प्रदर्शनकारीहरू सडकमा उत्रिएका छन् ।

सङ्घीय आप्रवासन छापापछि केही महिनाअघि हिंसात्मक घटनाले स्तब्ध बनेको यो सहरमा पुनः ठुलो सङ्ख्यामा नागरिकहरू भेला भएका हुन् । आयोजकहरूका अनुसार करिब दुई लाख मानिस सहभागी भएको यो प्रदर्शन ट्रम्प प्रशासनको कडा आप्रवासन नीतिको विरोधमा केन्द्रित थियो ।

जनवरीमा गरिएको विवादास्पद छापाका क्रममा सङ्घीय एजेन्टहरूको हातबाट दुई अमेरिकी नागरिक रेनी गुड र एलेक्स प्रिटीको मृत्यु भएपछि मिनियापोलिस राष्ट्रिय बहसको केन्द्र बनेको थियो । उक्त घटनाले राष्ट्रपति डोनाल्ड ट्रम्पको आप्रवासन नीतिविरूद्ध व्यापक आक्रोश जन्माएको थियो ।

गत वर्षदेखि आम नागरिकको पहलमा सुरू भएको 'नो किङ्स' आन्दोलनअन्तर्गत यो तेस्रो ठुलो प्रदर्शन हो, जसले ट्रम्पको नेतृत्व शैली र दक्षिणपन्थी एजेन्डाप्रति असहमति जनाउँदै आएको छ । प्रदर्शनमा सहभागीहरूले 'कुनै राजा छैन, कुनै आइस छैन, कुनै युद्ध छैन !' जस्ता नाराहरू घन्काएका थिए, जसले आप्रवासन कार्यान्वयन निकाय 'आइस' (आईसीई) विरूद्धको असन्तोषलाई प्रस्ट पारेको थियो ।

कार्यक्रमको सांस्कृतिक पक्ष पनि प्रभावशाली देखिएको थियो । चर्चित सङ्गीतकार ब्रुस स्प्रिङस्टीनले छिमेकी सेन्ट पल सहरमा आयोजित कार्यक्रममा प्रस्तुति दिँदै 'स्ट्रिट्स अफ मिनियापोलिस' गीतमार्फत मृतक गुड र प्रिटीप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो । उहाँले उनीहरूको बलिदान र साहसलाई स्मरण गर्दै उनीहरूको नाम कहिल्यै नबिर्सिने बताउनुभएको थियो ।

र्‍यालीमा सहभागी ७३ वर्षीया पामेला सिन्नेसले आफू सबै मानिसहरूको समान अधिकारको पक्षमा उभिन आएको बताउनुभयो । उहाँका अनुसार, सहरले हालैको हिंसात्मक घटनाबाट गहिरो आघात भोगेको छ र त्यस्तो अवस्थाको पुनरावृत्ति नहोस् भन्ने भावना लिएर मानिसहरू सडकमा आएका हुन् ।

राजनीतिक नेतृत्वले पनि विरोधमा स्वर मिलाएको देखिएको छ । मिनेसोटाका गभर्नर टिम वाल्जले प्रदर्शनकारीहरूलाई धन्यवाद दिँदै ट्रम्पको आलोचना गर्नुभएको थियो । त्यस्तै, वामपन्थी नेता बर्नी स्यान्डर्सले पनि ट्रम्पमाथि संविधान र कानुनी शासनको अवमूल्यन गरेको आरोप लगाउनुभएको थियो ।

प्रदर्शनमा सहभागी जिना बिलोटा-रेसेलिसले ट्रम्प नेतृत्वप्रति असन्तुष्टि व्यक्त गर्दै उहाँलाई अयोग्य रहेको टिप्पणी गर्नुभएको थियो । उहाँले मध्यपूर्वमा भइरहेको युद्ध, बढ्दो तेल मूल्य र आन्तरिक नीतिगत विवादहरूले सरकारको विश्वसनीयता घटाएको धारणा राख्नुभएको थियो ।

उहाँका अनुसार आगामी नोभेम्बरको मध्यावधि चुनावमा रिपब्लिकन पार्टीले आफ्नो सङ्कीर्ण बहुमत जोगाउन कठिन हुने देखिन्छ । उहाँले भन्नुभयो, "मतदानको प्रवृत्ति हेर्दा परिवर्तनको सङ्केत देखिन्छ । मलाई लाग्छ उनीहरू हार्नेछन् ।"

# अध्यक्ष ओली र नेता लेखकलाई पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति

काठमाडौँ, १५ चैत । जिल्ला अदालत काठमाडौँले एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली काङ्ग्रेस नेता रमेश लेखकलाई पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ ।

न्यायाधीश आनन्दप्रसाद श्रेष्ठको इजलासले आइतबार पाँच दिन म्याद थपको अनुमति दिएको अदालतका स्रेस्तेदार तीर्थराज भट्टराईले जानकारी दिनुभयो ।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूको बयान गर्न, बुझ्नुपर्ने मानिसहरूको घटना विवरण कागज गर्न तथा मिति २०८२/०५/२३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२ को प्रतिवेदन अध्ययन विश्लेषण गर्नेलगायतको प्रयोजनका लागि प्रतिवादीहरूलाई प्रहरी हिरासतमा राख्न अनुमति माग गरिएको आदेशमा भनिएको छ, "अनुमति माग गरेको व्यहोरा मनासिब देखिँदा प्रतिवादीहरू केपी शर्मा ओली र रमेश लेखकलाई प्रहरी हिरासतमा राखी उपरोक्त लेखिएबमोजिमका कार्यहरू सम्पन्न गर्ने प्रयोजनका लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ (६) बमोजिम ५ (पाँच) दिनको म्याद थपको अनुमति प्रदान गरिदिएको छ ।"

आदेशमा एमाले अध्यक्ष ओली अस्वस्थ भई उपचारार्थ अस्पतालमा रहेको भन्नेसमेत देखिँदा निजको प्रभावकारी आवश्यक उपचारको व्यवस्था गर्न भनिएको छ । सरकारी वकिलले अध्यक्ष ओली र नेता लेखकलाई १० दिन थुनामा राखेर अनुसन्धान अघि बढाउन माग गरेको थियो ।

गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनको बेला एमाले अध्यक्ष ओली प्रधानमन्त्री र काङ्ग्रेस नेता लेखक गृहमन्त्री हुनुहुन्थ्यो । उक्त आन्दोलनमा भएको दमनबारे जाँचबुझ गर्न गठित आयोगले अध्यक्ष ओली र नेता लेखकलाई फौजदारी मुद्दामा कारबाही अघि बढाउन सिफारिस गरेको थियो । सो सिफारिसको आधारमा जरूरी पक्राउ पुर्जी जारी गरेर शनिबार बिहान पक्राउ गरिएको थियो । अध्यक्ष ओली बिरामी भएका कारण त्रिवि शिक्षण अस्पतालमार्फत 'भर्चुअल' उपस्थित हुनुभएको थियो भने नेता लेखक आफैँ उपस्थित हुनुभएको थियो ।

*बाँकी पृष्ठ ८ मा*

# चुनावबारे यो विश्लेषण पनि सार्वजनिक भयो !

काठमाडौँ, १५ चैत । नेपालमा २०४७ सालयता स्थानीय स्तरमा कुनै पार्टीले राम्रो कतै काम गरेको छ भने त्यो भक्तपुरमा बिजुक्छेँजीको नेमकिपाले मात्रै हो । स्थानीय तहमा नेमकिपाले धेरै गरेको छ तर अमेरिकी साम्राज्यवादीले त्यो पार्टीलाई उडाइदियो । किन ? चुनाव त उसले गराएको हो, मेसिनरी उसको छ । सेना, पुलिस, अदालत सबै उसका छन् । एनजीओ तथा आईएनजीओ सबै त्यसकै हुन् । बिजुक्छेँजीको नेमकिपा कहाँबाट जित्नु ? राम्रो चुनाव भएको भए बिजुक्छेँजीको नेमकिपा हार्ने ठाउँ होइन त्यो, अहिले पनि । तर, हराइयो, चुनाव अर्कैले गराएको थियो । हामीले यी सबै घटनाहरू हेरिरहेका छौँ । राम्रा मान्छेहरू या त मारिन्छन् या त यसरी लुप्त गराइन्छन् ।

*स्रोत : यु ट्युब च्यानल-भरत दाहाल (२०२६ मार्च २८) २०८२ चैत १४*

**व्यङ्ग्यचित्र कुनो**





भक्तपुर नगरपालिकाको आयोजनामा नियमित पाक्षिक सरसफाइअन्तर्गत आइतबार वडा नं. ५ स्थित चुपीँघाटमा सरसफाइ कार्यक्रम ।

*तस्बिर : मजदुर दैनिक*

# सहकारी सञ्चालकहरूको क्षमता अभिवृद्धिमा जोड

भक्तपुर, १५ चैत । सहकारी संस्थाहरूको संस्थागत विकास र कानुनी परिपालनालाई सुदृढ बनाउने उद्देश्यका साथ चाँगुनारायण नगरपालिका क्षेत्रका सहकारी संस्थाहरूका लागि आयोजित एक विशेष 'सदस्य सक्षमता तालिम' सम्पन्न भयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. को चाँगुनारायण नगर सहकारी समन्वय उपसमितिको आयोजनामा सञ्चालित उक्त कार्यक्रम कमलविनायकस्थित होटल यचुमा सम्पन्न भएको हो ।

कार्यक्रममा सङ्घका उपाध्यक्ष जगन्नाथ प्रजापतिले सहकारीको सञ्चालन नीति, विधि र प्रविधिबमोजिम संस्था चलाउन यस्ता तालिमहरू अपरिहार्य रहेको बताउनुभयो । उहाँले नव-निर्वाचित सञ्चालकहरूका लागि कानुनी व्यवस्थाको स्मरण गराउँदै भन्नुभयो, "सहकारीमा निर्वाचित भएको तीन महिनाभित्र सञ्चालक क्षमता अभिवृद्धि तालिम लिनुपर्ने कानुनी प्रावधान छ । सङ्घमा आबद्ध सदस्य संस्थाहरूका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र कर्मचारीहरूलाई यो तालिम प्रदान गरिएको हो ।"

उपाध्यक्ष प्रजापतिले तालिममा सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्दै सिकेका कुरालाई व्यवहारमा उतार्न र संस्थालाई सदस्य केन्द्रित बनाउन आग्रह गर्नुभयो ।

तालिमको विभिन्न सत्रमा सहकारी क्षेत्रका अनुभवी विज्ञहरूले प्रशिक्षण प्रदान गर्नुभएको थियो । सङ्घका पूर्वअध्यक्ष कृष्णगोविन्द लाखाजुले सहकारीको ऐतिहासिक विकासक्रम, यसका आधारभूत अवधारणा र सात सिद्धान्तको व्यावहारिक प्रयोगबारे प्रकाश पार्नुभयो । उहाँले सहकारीमा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र विभिन्न उपसमितिहरूको काम, कर्तव्य र अधिकारको स्पष्ट व्याख्या गर्दै जिम्मेवार नेतृत्वको आवश्यकतामा जोड दिनुभयो ।

सङ्घका प्रमुख कार्यकारी अधिकृत (CEO) बालकृष्ण धोजुले आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System) र आन्तरिक लेखापरीक्षणको महत्त्वबारे प्रस्तुतीकरण गर्नुभयो । उहाँले भन्नुभयो, "आन्तरिक नियन्त्रण प्रणाली र लेखापरीक्षणको फरक बुझ्नु जरुरी छ । संस्थालाई जोखिममुक्त बनाउन प्रभावकारी बैठक प्रणाली र सही निर्णय लेखन (Minute Writing) कलाले ठुलो भूमिका खेल्छ ।" उहाँले सहभागीहरूलाई प्रयोगात्मक अभ्याससमेत गराउनुभएको थियो ।

चाँगुनारायण नगर सहकारी समन्वय उपसमितिकी संयोजक एवं सङ्घका सञ्चालक चण्डीका छुकांले तालिमले सहकारीलाई विधिपूर्वक र पारदर्शी ढङ्गले सञ्चालन गर्न थप ऊर्जा प्रदान गरेको विश्वास व्यक्त गर्नुभयो । नगर क्षेत्रका सहकारीहरूबिचको एकता र क्षमता विकासका लागि समन्वय उपसमिति सधैँ क्रियाशील रहने उहाँको भनाइ थियो ।

तालिममा सहभागीको तर्फबाट झझल्को बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष प्रदिपकुमार के.सी. ले तालिमका विषयवस्तु अत्यन्तै सान्दर्भिक र उपयोगी रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "संस्था सञ्चालनमा आइपर्ने व्यावहारिक कठिनाइहरू चिर्न यो तालिमले मद्दत गरेको छ, यस्तो अवसर प्रदान गरेकोमा आयोजकलाई धन्यवाद दिन्छु ।"

कार्यक्रममा चाँगुनारायण नगर क्षेत्रमा अवस्थित झझल्को बचत तथा ऋण सहकारी संस्था, नौलो बचत तथा ऋण सहकारी संस्था, देवी महिला बचत तथा ऋण सहकारी संस्था र देवीस्थान जागृति महिला बचत तथा ऋण सहकारी संस्थाहरूबाट सञ्चालक समिति, लेखा समिति र व्यवस्थापकसहित कुल ४३ जनाको उत्साहजनक सहभागिता रहेको थियो । सहकारी क्षेत्रमा पछिल्लो समय देखिएका चुनौतीहरूलाई सामना गर्न र सुशासन कायम गर्न यस्ता क्षमता विकासका कार्यक्रमहरू कोशेढुङ्गा साबित हुने सहभागीहरूको साझा निष्कर्ष थियो ।

# एकमहिने ब्युटि पार्लर तालिम सुरु

भक्तपुर, १५ चैत । वाग्मती प्रदेश, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, उद्योग तथा वाणिज्य कार्यालयको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत कार्यक्रमअन्तर्गत उद्योग तथा वाणिज्य कार्यालयको आयोजना तथा भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको सहकार्यमा सीपमूलक तालिमअन्तर्गत एकमहिने आधारभूत ब्युटि पार्लर तालिम भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आइतबारबाट सुरु भयो ।

उक्त उद्घाटन समारोहमा उद्योग तथा वाणिज्य कार्यालयका कार्यालय प्रमुख रामप्रसाद कुस्माले वाग्मती प्रदेश सरकारअन्तर्गत उद्योग तथा वाणिज्य कार्यालयबाट विभिन्न तालिम दिइरहेको जानकारी गराउँदै तालिममात्र तालिमको लागि नभई उद्यमी तथा रोजगारीको लागि तालिम लिनुपर्ने बताउनुभयो । तालिम लिई उद्योग सञ्चालन गरी सरकारबाट प्रदान गरिने विभिन्न सुविधाहरू लिन अनुरोध गर्दै उहाँले नेपाल सरकार, वाग्मती प्रदेश सरकार र स्थानीय निकायबाट पनि कोही पनि नेपालीहरू सीपविहीन हुन नपरोस् भनी विभिन्न तालिमहरू दिइरहेको जानकारी गराउनुभयो ।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घका केन्द्रीय सदस्य एवम् भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका पूर्वअध्यक्ष वीरेन्द्र जतिले उद्योगले उद्योग व्यवसाय गर्दा कानुनी प्रावधानमा रहेर सञ्चालन गर्नुपर्ने तथा ब्युटि पार्लर मानिसको शरीरसँग प्रत्यक्ष सरोकार राख्ने व्यवसाय भएकोले गुणस्तीय सामानहरूमात्र प्रयोग गर्नुपर्ने जानकारी गराउनुभयो ।

सङ्घका निवर्तमान अध्यक्ष प्रेम खर्बुजाले सङ्घको उद्देश्य र सङ्घले गरिरहेको विभिन्न गतिविधिहरूबारे जानकारी गराउनुको साथै तालिम सिकेर उद्यमी बन्न अनुरोध गर्नुभयो ।

प्रशिक्षक सुमित्रा श्रेष्ठले तालिम अवधिभर अनुशासित भई नियमितरूपमा कक्षामा सहभागी हुन प्रशिक्षार्थीहरूलाई अनुरोध गर्दै एकमहिनामा सकेसम्म धेरै सिकाउने प्रयाग गर्ने बताउनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठको सभापतित्व भएको सो कार्यक्रममा उहाँले उद्योग तथा वाणिज्य कार्यालयबाट विगतदेखि नै विभिन्न कार्यक्रमहरूको सहकार्य गर्ने अवसर दिनुभएकोमा कार्यालयप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि यसरी नै सहकार्य हुने विश्वास व्यक्त आधारभूत ब्युटि पार्लर सिकेका प्रशिक्षार्थीले माग गरेको खण्डमा अर्को आर्थिक वर्षको बजेट एडभान्स तालिमको लागि सङ्घले सहकार्य गर्ने बताउनुभयो ।

**सङ्घमा स्वागत गरियो**

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घले उद्योग तथा वाणिज्य कार्यालयमा अधिकृत छैटौं पदमा पदभार ग्रहण गर्नुभएका राजेन्द्र सुवेदीलाई सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले मायाको चिनो प्रदान गर्दै सङ्घमा स्वागत तथा भक्तपुरमा पदभार ग्रहण गर्नुभएकोमा बधाई तथा शुभकामना व्यक्त गरियो । सो अवसरमा अधिकृत राजेन्द्र सुवेदीले भक्तपुर घरेलु तथा साना उद्योग सङ्घले विगतदेखि नै कार्यालयसँगको नजिक रहेर विभिन्न गतिविधिहरू गरिरहेकोमा खुसी व्यक्त गर्दै आफ्नो कार्यकालमा पनि सङ्घसँग हातमालो गर्दै अगाडि जाने बताउनुभयो ।

त्यसैगरी, महिला उद्यमी समितिका अध्यक्ष कमलश्वरी खर्बुजाले महिला आर्थिकरूपले सवल भए समाज र देशको आर्थिक उन्नतिको लागि टेवा पुग्ने भएकोले राज्यबाट महिला उद्यमीहरूलोई विभिन्न सुविधा दिइरहेको हुनाले उद्यमी बनी सो सेवा सुविधा लिनुपर्ने र सो कार्यको लागि सङ्घको सधैँ साथ र सहयोग हुँदै विभिन्न कार्यक्रमको लागि सहकार्य गर्ने अवसर प्रदान गर्नुभएकोमा उद्योग तथा वाणिज्य कार्यालयलाई धन्यवाद व्यक्त गर्नुभयो ।

# भक्तपुर बचतका ज्येष्ठ सदस्य भ्रमण सम्पन्न

भक्तपुर, १५ चैत । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ज्येष्ठ तथा बाल सदस्य उपसमितिको आयोजनामा ज्येष्ठ सदस्य वनभोज कार्यक्रम शनिबार भक्तपुर सुडालस्थित ठुली ब्रह्मायणीमा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष निर्मल प्रजापतिले ब्याजको लोभमा नराम्रो संस्थामा पैसा जम्मा गर्दा विभिन्न समस्या आएको उल्लेख गर्दै भक्तपुर बचतले आर्थिक कारोबारसँगै विभिन्न सामाजिक क्रियाकलापहरू अगाडि बढाइरहेको छ भन्नुभयो ।

नेपालमै पहिलोपटक भक्तपुर बचत तथा सहकारी संस्थाले आदर निकेतन सञ्चालन गरिरहेको र हाल सीमित ठाउँको कारण ३५ जना ज्येष्ठ नागरिकलाई सेवा दिइरहेको उहाँले जानकारी दिनुभयो ।

आयोजक समितिका संयोजक बलराम प्रजापतिले ज्येष्ठ सदस्य वनभोज कार्यक्रम वार्षिकरूपमा हुँदै आएको नियमित कार्यक्रमकै सिलसिला भएको बताउनुभयो ।

स्वस्थ जीवन जिउनको लागि समकालीन व्यक्तिहरूसँगको घुलमिल र रमाइलो गर्नु आवश्यक भएकोले कार्यक्रमको आयोजना गरिएको स्पष्ट पार्दै उहाँले भन्नुभयो, "भक्तपुर बचतले ज्येष्ठ सदस्यका लागि तीर्थाटन भ्रमण, पोषण वितरण, स्वास्थ्य शिविरलगायतका कार्यक्रम गरिरहेको छ ।"

९४ जना ज्येष्ठ सदस्य सहभागी रहेको उक्त कार्यक्रममा खेलमा विजयी ज्येष्ठ सदस्यहरूलाई संस्थाका अध्यक्ष निर्मल प्रजापतिले पुरस्कार वितरण गर्नुभएको थियो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक सत्यनारायण साँय्जूले पनि बोल्नुभएको यिथो ।

# प्रवेश तयारी कक्षा र ब्रिज कोर्स बन्द गर्ने सरकारको निर्णय

काठमाडौँ, १५ चैत । सरकारले विद्यालय तहदेखि उच्च शिक्षासम्म भर्नालाई लक्षित गरी सञ्चालन हुँदै आएको प्रवेश परीक्षा तयारी कक्षा र ब्रिज कोर्स पूर्ण रूपमा बन्द गर्ने निर्णय गरेको छ ।

आइतबार प्रेस विज्ञप्ति जारी गर्दै शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले यस्तो कार्यक्रमले विद्यार्थीको मनोविज्ञानमा नकारात्मक असर पार्ने हुँदा बन्द गर्ने निर्णय गरेको बताउनुभयो ।

मन्त्रालयले २०८२ चैत १३ गते मन्त्रीस्तरबाट निर्णय गर्दै २०८३ साल वैशाख १ गतेदेखि यस्ता सबै कार्यक्रम बन्द गर्न निर्देशन दिएको जनाएको छ ।

यस्ता कक्षले शिक्षामा समतामूलक पहुँचमा बाधा पुग्ने र अभिभावकमाथि अनावश्यक आर्थिक बोझ थप्ने देखिएको निष्कर्षको आधारमा उक्त निर्णय लिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा विद्यालय तहका विभिन्न कक्षा र उच्च शिक्षाका विभिन्न तहमा भर्ना प्रक्रियाअघि सञ्चालन गरिँदै आएको 'इन्ट्रान्स प्रिपरेसन' कक्षा र 'ब्रिज कोर्स' नामका कार्यक्रम पूर्ण रूपमा रोक्न सम्बन्धित सबै निकायलाई निर्देशन दिइएको उल्लेख छ ।

मन्त्रालयले यस्ता कार्यक्रम सञ्चालन भए-नभएको अनुगमन गर्न र सञ्चालन गरेको पाइएमा प्रचलित कानुनअनुसार कारबाही अघि बढाउन जिल्ला प्रशासन कार्यालयहरूलाई अनुरोध गरेको छ ।

# बाँकेका उद्योगलाई कच्चा पदार्थको अभाव

राँझा (बाँके), १५ चैत । बाँकेमा सञ्चालित प्लास्टिकजन्य उद्योगहरूमा कच्चा पदार्थको अभावका कारण उत्पादन घट्दै गएको छ ।

मध्यपूर्व एसियामा तनाव चर्किंदै गएपछि उद्योगलाई चाहिने कच्चा पदार्थ अभाव भएका कारण उत्पादन घट्नुका साथै केही उद्योग बन्द हुने अवस्थासम्म पुगेको नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका एसोसिएट सदस्य तथा स्टार पोलिपाइप उद्योगका प्रबन्ध निर्देशक कमल कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार कच्चा सामग्रीको आयात घटेपछि व्यवसायी मर्कामा परेका छन् ।

अन्तर्राष्ट्रिय बजारमा कच्चा पदार्थको ४० प्रतिशतले मूल्यवृद्धि भएको छ । नेपाली उद्योगले आयात गर्ने कच्चा पदार्थ मागअनुसार आपूर्ति हुनसकेको छैन । अहिले सबैभन्दा बढी प्लास्टिकजन्य उद्योगमा प्रयोग हुने कच्चा पदार्थ प्लास्टिक 'दाना' को अभाव सुरु भएको छ ।

मध्यपूर्वमा उत्पन्न भएको तनावका कारण कच्चा सामग्रीको आयात ठप्प भएपछि प्लास्टिक दाना नपाउँदा प्लास्टिकजन्य र प्याकेजिङ उद्योगमा सङ्कट गहिरिएको छ । पानीका बोतल, बोतलका बिर्का, खानेपानी र भवन निर्माणमा प्रयोग हुने पाइप, मोटरसाइकलका हेलमेट कम्पनी, प्लास्टिकका कुर्ची, प्याकेजिङका प्लास्टिक, कार्टुनलगायतका सामग्री उत्पादनमा असर देखिएको उद्योगी कार्कीको भनाइ छ ।

"कच्चा पदार्थ नआउँदा हाम्रो उत्पादन नै घटिरहेको छ," उहाँले भन्नुभयो । कच्चा सामग्रीको आयात रोकिएसँगै उत्पादन पनि घटेको उद्योगी कार्कीले बताउनुभयो । उत्पादन घटेसँगै उद्योग सञ्चालनमा समेत समस्या देखिएको छ । पेट्रो केमिकलसँग सम्बन्धित कच्चा पदार्थ तेस्रो मुलुकबाट भारत हुँदै नेपाल भित्रिने गर्छ । तर, अहिले भारतले आफ्नै बजारमा अभाव हुन नदिन निर्यातमा कडाइ गरेपछि यहाँका उद्योगहरू सङ्कटमा परेको नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी ओलीले बताउनुभयो ।

उहाँका अनुसार पेट्रोकेमिकलसँग सम्बन्धित कच्चा पदार्थ अभावले अहिले प्लास्टिकजन्य उत्पादनमात्र नभई, दैनिक उपभोग्य वस्तु उत्पादनमा समेत असर देखिन थालेको छ । यदि अन्तर्राष्ट्रिय परिस्थिति यस्तै रहिरह्यो भने यसको असर अझ गहिरिँदै जानेछ । ***रासस***

## सङ्क्षिप्त समाचार

# पूर्वमन्त्री खड्का पक्राउ

काठमाडौँ, १५ चैत । नेपाली काङ्ग्रेसका नेता एवं पूर्वमन्त्री दीपक खड्का पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो ( सिआईबी) ले पूर्वमन्त्री खड्कालाई आइतबार बिहान पक्राउ गरेको हो ।

सिआइबीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शिवकुमार श्रेष्ठले सम्पत्ति शुद्धीकरण मुद्दाको अनुसन्धानका लागि पूर्वमन्त्री खड्कालाई नियन्त्रणमा लिएको जानकारी दिनुभयो । ***रासस***

# सात महिनामा वीरगञ्जबाट ६६ अर्ब ४८ करोडको निर्यात

वीरगञ्ज (पर्सा), १५ चैत । वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको सात महिनामा रु. ६६ अर्ब ४८ करोड मूल्य बराबरका सामान निर्यात भएको छ । गत आवको सोही अवधिका तुलनामा चालु आवको सोही अवधिमा भने यो नाकाबाट रु. नौ अर्ब ९४ करोड बढीको निर्यात भएको छ । गत आवको सात महिनामा भने रु. ५६ अर्ब ५४ करोड मूल्य बराबरका वस्तु तथा समान विदेशी मुलुक निर्यात भएको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा यो नाका हुँदै हुने निर्यातमा सुधारोन्मुख रहेको बताउनुभयो । चालु आवको सात महिनामा रु. ३५ अर्ब ५८ करोड मूल्य पर्ने भटमासको तेल प्रशोधित निर्यात भएको छ ।

रु. चार अर्ब ९७ करोड मूल्य पर्ने फलफूलको जस निर्यात भएको छ । रु. चार अर्ब ५८ करोड मूल्य पर्ने सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको छ । रु. तीन अर्ब ७७ करोड मूल्य पर्ने प्रशोधित पाम तेल निर्यात भएको छ भने रु. दुई अर्ब ३३ करोड मूल्य पर्ने विभिन्न किसिमका कपडा निर्यात भएको छ । रु. एक अर्ब ५८ करोड मूल्य पर्ने सिन्थेटिक यार्न निर्यात भएको छ ।

चालु आवको पाँच महिनामा रु. पाँच खर्ब ९५ अर्ब ४६ करोड मूल्यका वस्तु तथा सामान भित्रिएको छ । वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा रु. ५८ अर्ब ९१ करोड अर्थात् ११ प्रतिशत बढी सामान भित्रिएको छ ।

गत आवको सात महिनामा भने रु. पाँच अर्ब ३६ करोड ५५ करोड मूल्य पर्ने वस्तु तथा सामान यो नाका हुँदै भित्रिएको थियो । ***रासस***

# छुट्टाछुट्टै सवारी दुर्घटनामा पाँच जनाको मृत्यु

काठमाडौँ, १५ चैत । देशका विभिन्न भागमा शनिबार र आइतबार भएका छुट्टाछुट्टै सडक दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार महोत्तरीको, सोनमा गाउँपालिका-५ खैरबनी गाउँमा मोटरसाइकल एकआपसमा ठोक्किँदा सोही गाउँपालिका-४ खेस्राहाका १९ वर्षीय रामजीवन साहको मृत्यु भएको हो ।

यसैगरी, गुल्मीको चन्द्रकोट गाउँपालिका-४ रिपास्थित सडकमा चन्द्रकोटबाट शान्तिपुरतर्फ आउँदै गरेको जिपको ठक्करबाट सोही स्थानकी ५५ वर्षीया तुलसी थापाको मृत्यु भएको छ । मकवानपुरको भीमफेदी गाउँपालिका-६ एघारघुम्तीमा काठमाडौँबाट हेटौँडातर्फ गइरहेको जिप उदयपुरको त्रियुगा नगरपालिका-११ सङ्गमचोक निवासी ८६ वर्षीय गोरे राईको ठक्करबाट मृत्यु भएको छ ।

समाचारकक्षले आइतबार प्रकाशन गरेको समाचार बुलेटिनअनुसार सिरहाको धनगढीमाई नगरपालिका-६ मा मुसर्नियाबाट दहीपुरीतर्फ जाँदै गरेको मोटरसाइकलले ठक्कर दिँदा ७० वर्षीया पैदलयात्री सोही स्थानकी उर्मिलादेवी महतो साँझ मृत्यु भएको छ । चितवनको भरतपुर महानगरपालिका-१२ आस्थाचोकमा मोटरसाइकल दुर्घटना हुँदा तनहुँको रिसिङ गाउँपालिका-३ का २१ वर्षीय टोनबहादुर आलेमगरको मृत्यु भएको छ । ***रासस***

# विद्यालयको निर्माणाधीन खेलमैदान भत्कियो

मान्म (कालीकोट), १५ चैत । जिल्लाको नरहरिनाथ गाउँपालिका-३ मा रहेको रमा माध्यमिक विद्यालयको निर्माणाधीन खेलमैदान भत्किएको छ । गत साताको वर्षासँगै आएको पहिरोका कारण निर्माणाधीन खेलमैदान भत्किएको हो ।

कर्णाली प्रदेश सरकार र नरहरिनाथ गााउँपालिकाको संयुक्त लागतमा दुई वर्षदेखि निर्माण भइरहेको खेलमैदान पहिरोका कारण भत्किएको विद्यालयका प्रधानाध्यापक तपेन्द्र महताराले बताउनुभयो । “विसं २०७७ मा गएको पहिरोले विद्यालय जोखिममा परेको थियो । खेलमैदान आवश्यक पूर्वाधार भएकाले रु. ७० लाखको लागतमा खेलमैदान निर्माण भइरहेको थियो । मङ्गलबार वर्षासँगै आएको पहिरोले मैदान भत्किएको हो,” उहाँले भन्नुभयो ।

विद्यालय भवनसहित अन्य संरचना पहिरोको जोखिममा परेपछि भू तथा जलाधार संरक्षण कार्यालयको सहयोगमा दुई वर्षअघि ग्याबिन जाली हालेर पर्खाल लगाइएको प्रधानाध्यापक महताराले जानकारी दिनुभयो । “सोही पर्खालको माथि खेलमैदान बनाइएको थियो । उक्त मैदान वर्षाका कारणले भत्किएको छ,” उहाँले भन्नुभयो ।

निर्माण सम्पन्न हुने बेला वर्षाले खेलमैदान भत्किएर विद्यालय भवन पनि जोखिममा परेको प्रधानाध्यापक महताराले बताउनुभयो । उहाँका अनुसार खेलमैदानको ९० प्रतिशत काम भइसकेको थियो । ***रासस***



**घोडेपानी जोड्ने सडकमा फसेको गाडी**

कास्कीको नयाँ पुल उल्लेरी हुँदै म्याग्दीको अन्नपूर्ण गाउँपालिका जोड्ने सडकको भाले ओडार क्षेत्रको हिलाम्मे सडकमा फसेको गाडी । भाले ओडार क्षेत्रको सडकमा हिलो हुँदा घोडेपानी जाने आउने पर्यटकहरूलाई सास्ती भएको छ । *तस्बिर: सन्तोष गौतम/रासस*

# चार करोड ११ लाखमा मोहना नदीमा तटबन्ध निर्माण

टीकापुर, १५ चैत । वर्षौंदेखि नदी कटानको त्रासमा रहेका कैलालीको टीकापुर नगरपालिका-९ खक्रौलास्थित मोहना नदीमा तटबन्ध निर्माण भएको छ । मोहना नदीमा रु. चार करोड ११ लाखमा ६८० मिटर लामो बिगबोल्डर ( ठुला ढुङ्गाको प्रयोग गरी) तटबन्ध निर्माण भएपछि स्थानीयले त्रास कम भएको प्रतिक्रिया दिएका छन् ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालयले रु. चार करोड ११ लाख लागतमा तटबन्ध निर्माण सम्पन्न गरेको जनाएको छ । बर्खायामका साथै हिउँदमा पनि बर्सेनि कटान हुने गरेकामा तटबन्ध निर्माण भएपछि कटानको समस्या रोकिएको स्थानीय खडग धामीले बताउनुभयो ।

उहाँले भन्नुभयो, “कटानले नेपाल-भारत सीमामा रहेका १०५ नम्बर पिलरसमेत जोखिममा परेका थिए । बर्खामा कतिबेला घर बगाउने हो, भन्ने त्रास हुन्थ्यो । रातिको समयमा त्रासका कारण स्थानीय अनिदो बस्नुपर्ने बाध्यता थियो । यसपटक निद्रा लाग्ने भयो । सयौँ बिघा जमिन नदीले कटान गर्दा कतिपय परिवार विस्थापित भएका छन् ।”

लालपूर्जा हातमा भएको जमिनमा यतिखेर नदी बगिरहेको बताउँदै धामीले यो तटबन्ध पाँच वर्षअघि निर्माण भएको भए अधिकांश परिवार विस्थापित हुनुपर्ने अवस्था नआउने धारणा राख्नुभयो । उहाँका अनुसार तटबन्ध निर्माणका लागि पटक-पटक मन्त्रालय र स्थानीय निकायलाई आग्रह गरेपछि काम भएको हो ।

तटबन्ध बनेपछि भारतको वैष्णेदेवी मन्दिरमा दर्शन गर्न जान तथा त्यहाँबाट पर्यटक यता आउन पनि सहज भएको स्थानीय रणसिंह धामीले बताउनुभयो । गत आर्थिक वर्षको बजेटबाट तटबन्ध निर्माण भएको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कञ्चनपुरका इञ्जिनियर उत्तम सुवेदीले बताउनुभयो ।

पूर्वप्रतिनिधिसभा सदस्य ईश्वरी न्यौपानेले भन्नुभयो, “यहाँका नागरिकले लामो समयदेखि तटबन्धको माग गरिरहनुभएको थियो, विगतमा गरिने जस्तो तटबन्ध टिकाऊ नहुने भएकाले अहिले ठुला ढुङ्गाको प्रयोग गरी बनाइएको छ । नदीले कटान र डुबानबाट पीडित भएका स्थानीयले राहत महसुस गरेका छन् ।”

सुक्खायाममा पनि कटानको समस्याले स्थानीय सास्ती र त्रासमा रहेकामा अब समस्या समाधान भएको न्यौपानेले धारणा राख्नुभयो । “सरकारले जनताको वास्तविक आवश्यकता पहिचान गरेर विकास गर्ने हो भने मात्र जनतालाई लाभ पुग्छ,” उहाँले भन्नुभयो ।

मोहना नदी कटानले नेपाली भूभाग भारततर्फ धकेलिएको स्थानीय बताउँछन् । नदीपारी नेपाली भूमि धकेलिएपछि नेपाली नागरिकले त्यहाँ गएर खेतीसमेत गर्न सकेका छैनन् । भारतीय नागरिकले नेपाली भूमि नदीपारी हुँदा उपभोग गर्दै आएका स्थानीय वीरबहादुर चौधरीले बताउनुभयो ।

कैलालीमा कर्णाली, मोहनालगायत नदीले बर्सेनि सयौँ बिघा जमिन कटान गर्दै आएका छन् । कर्णाली नदीले धार परिवर्तन गर्दा टीकापुर नगरपालिका र जानकी गाउँपालिका जोखिममा पर्दै आएका हुन् । टीकापुर नगरपालिका-२, ५, ७, ८ कर्णाली नदीबाट हुनसक्ने कटानको जोखिममा छन् ।

यहाँ रानीजमरा कुलरिया सिँचाइ आयोजनाले करिब १२ ठाउँमा तटबन्ध निर्माण गरेको छ । आयोजनाले अगाडि तटबन्ध गर्दै जाने, नदीको धार परिवर्तन भएकाले पछाडि कटान हुँदै जाँदा नदी नियन्त्रणमासमेत समस्या भएको जनाएको छ । नदी नियन्त्रणका लागि अहिलेको अवस्था अनुसार दीर्घकालीन समस्या समाधान हुने खालको तटबन्ध निर्माणमा योजना बनाएरमा कटानबाट हुने क्षतिबाट बस्ती जोगाउन सकिने स्थानीय चौधरीले धारणा राख्नुभयो । ***रासस***

# ऊर्जा निर्यातका लागि नीतिगत प्रबन्ध गरिने

काठमाडौँ, १५ चैत । सरकारले लामो समयदेखि माग हुँदै आएको ऊर्जा निर्यातका लागि नीतिगत प्रबन्ध गर्ने भएको छ । नयाँ सरकार गठन भएलगत्तै शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले गरेको निर्णयमा ऊर्जा क्षेत्रको बृहत्तर विकासका अलावा निर्यातका लागि एक महिनाभित्र रणनीति तयार पार्ने उल्लेख छ ।

नेपालले भारत र टोकनका रूपमा नै भए पनि बङ्गलादेशमा जलविद्युत् निर्यात गर्दै आएको छ । त्यसलाई नीतिगत रूपमा थप प्रस्ट पार्ने र कार्यान्वयनयोग्य बनाउने भएको छ । एक महिनाभित्र उक्त रणनीति तय गरिने उल्लेख गरिएको छ ।

त्यसैगरी, निजी क्षेत्रले लामो समयदेखि माग गर्दै आएको विद्युत् खरिद बिक्रीसम्बन्धी सम्झौतालाई एक सय ८० दिनभित्र गरिने भएको छ । जलविद्युत् उत्पादनलाई थप विस्तार गर्ने र निजी क्षेत्रको मागअनुसार उक्त सम्झौता गर्ने समयवाधिसमेत निर्धारण गरिएको हो ।

समग्रमा ऊर्जा क्षेत्रको विकासका लागि विभिन्न कार्ययोजनाहरू अघि सार्दै सरकारले विद्युत् खरिद सम्झौता तथा अनुमतिपत्रसम्बन्धी निर्णय अधिकतम १८० दिनभित्रमा गर्ने स्पष्ट पारेको छ ।

देशको ऊर्जा क्षेत्रलाई आर्थिक रूपान्तरणको प्रमुख आधारका रूपमा विकास गर्ने, विद्युत् उत्पादन, प्रसारण, वितरण तथा निर्यातसम्बन्धी अवरोध तत्काल हटाई तीव्रगतिमा विकास सुनिश्चित गर्ने उद्देश्य राखिएको छ ।

यस्तै विद्युत् निर्यातलाई उच्च मूल्य प्राप्त हुने बजार त्यसमा पनि विशेषगरी साँझको ‘पिक’ समयमा केन्द्रित गर्ने रणनीति तत्कालै कार्यान्वयनमा लैजाने सरकारको तयारी छ । नेपाल विद्युत् प्राधिकरणको संरचनात्मक सुधारसम्बन्धी रोडम्याप तयार गरी कार्यान्वयन प्रक्रिया तत्काल अघि बढाउने कार्ययोजनामा समावेश छ ।

त्यस्तै, ऊर्जा क्षेत्रको दीर्घकालीन वित्तीय स्रोत व्यवस्थापनका लागि बहुआयामिक वित्तीय संरचना (सरकारी, निजी, विदेशी तथा डायस्पोरा लगानी) विकास गरिनेछ । त्यस्तो सुधार कार्ययोजना कार्यान्वयनका लागि सम्बन्धित निकायले स्पष्ट समयसीमा तोकी कार्यान्वयनमा लैजाने आइतबार सार्वजनिक विवरणमा समावेश छ । ***रासस***

# मकवानपुरमा महिलाका नाममा उद्योग दर्ता बढ्यो

बागमती, १५ चैत । पछिल्लो केही वर्षयता मकवानपुर जिल्लामा महिला उद्योगी व्यवसायीको सङ्ख्या बढेको पाइएको छ । सरकारले महिला सञ्चालक भएको कारोबारको उद्योग व्यवसायीको दर्तामा ५० प्रतिशतमात्र दस्तुत लाग्ने व्यवस्था गरेपछि मकवानपुरमा महिला उद्यमी बढेका हुन् ।

उद्योग तथा वाणिज्य कार्यालयका प्रमुख रामप्रसाद भुसालका अनुसार आर्थिक वर्ष २०८/८३ को आठ महिनामा मकवानपुरमा तीन सय चारवटा नयाँ उद्योग दर्ता भएकामा १६८ व्यवसाय महिलाका नाममा दर्ता भएका छन् ।

महिलाका नाममा दर्ता भएका व्यवसायमा अधिकांश जनरल स्टोर्स, सिलाइकटाइ टेलरिङ, ब्यूटीपार्लर छन् भने उद्योगतर्फ अधिकांश कृषि र माछा तथा पशुपालन व्यवसाय छन् ।

सरकारले महिलाका नाममा दर्ता हुने उद्योग व्यवसायलाई दस्तुरमा छुट दिनु, स्थानीय प्रशासनले पनि उद्योग व्यवसायी दर्ताका लागि कडाइ गर्नु र बैङ्क तथा वित्तीय संस्थाबाट उद्योग व्यवसायमा ऋण लगानी सहज हुनसक्नेलगायत कारण पनि घरेलु तथा साना उद्योग व्यवसाय दर्ता गराउने क्रम बढेको प्रमुख भुसालको कथन छ ।

उक्त अवधिमा उद्योगतर्फ ४० वटा उद्योगको नामसारी, १५ वटा ठाउँसारी, ९४८ वटा नवीकरण, ४३ वटाको प्रतिलिपि, ७३ वटाको लगत कट्टा तथा २८ वटाको उद्देश्य थप गरिएको उद्योग तथा वाणिज्य कार्यालयले जनाएको छ । यस्तै सो अवधिमा वाणिज्यतर्फ पाँचवटा नामसारी, सातवटा उद्योगको ठाउँसारी, २७ वटा उद्योगको पुँजीवृद्धि, एक हजार ५४ वटा उद्योगको नवीकरण, ९३ वटा उद्योगको लगत कट्टा तथा ३७ वटा उद्योगको उद्देश्य थप गरिएको प्रमुख भुसालको भनाइ छ ।

नयाँ उद्योग तथा वाणिज्य दर्ता, नवीकरण, लगत कट्टालगायत शीर्षकबाट यस अवधिमा रु. एक करोड ३१ लाख ८४ हजार १५९ राजस्व सङ्कलन भएको प्रमुख भुसालले बताउनुभयो । ***रासस***

। सम्पादकीय ।

# विगतको कमजोरी अब दोहोऱ्याउन नहुने

गत भदौ २३ र २४ गते जेन-जी आन्दोलनको क्रममा भएको घटनालाई लिएर छानबिन गर्न गठित जाँचबुझ आयोगले प्रतिवेदन सार्वजनिक गरेपछि सरकारले प्रतिवेदनको आधारमा पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई चैत १४ गते पक्राउ गऱ्यो । पूर्वप्रम ओली र पूर्वगृहमन्त्री लेखकको पक्राउबारे विभिन्न टीका टिप्पणी भयो । एकथरीले ओली र लेखक पक्राउ प्रक्रियाविपरीत, गैरकानुनी भएको टिप्पणी गरे भने अर्को पक्षले 'जनताको म्यान्डेट र स्पिरिटअनुसार पक्राउ गरिएको भने । गृहमन्त्री सुदन गुरुङले त न्यायको प्रक्रिया थालनी गरेको बताए । त्यस्तै काखा र पाखा गर्ने अपरिपक्क निर्णयले पुन: द्वन्द्व र अस्थिरता निम्त्याउने र सरकार प्रतिशोध साधेर दमनकारी बाटोमा लाग्न नहुने बताइएको छ ।

आयोगले तयारी गरेको प्रतिवेदनको आधारमा प्रक्रिया अघि बढाउनु अन्यथा होइन । तर, प्रतिवेदन एकतर्फी भयो भन्ने जनगुनासो छ । भदौ २३ र २४ गतेको घटना छानबिन गर्न गठित समितिले समग्र घटनाको विवरण तयार गर्नुपर्ने हो । समितिले त्यो तयार गरेन । त्यो किन्न तयार गरिएन भन्ने प्रश्न तेर्सिएको छ । सरकारले भदौ २४ को घटनाको सत्य तथ्य छानबिन गर्न एकसाताभित्र उच्चस्तरीय छानबिन समिति गठन गर्ने कार्यसूची बनायो । भदौ २४ को घटना बृहत् भएकोले छोटो समयमा गहिरिएर अध्ययन गर्न नसक्ने कुरा गरेर जाँचबुझ आयोग पन्छिन मिल्दैन । त्यसको लागि छुट्टै विज्ञसहितको अनुसन्धान टोली गठन गर्नुपर्ने कुरा सुरुमै किन आएन ? एउटै प्रकरणको घटना या मुद्दालाई अलग्ग अलग्ग छानबिन समिति गठन गर्दा के विज्ञहरूको समय बर्बाद भएन ? दोहोरो खर्च भएन ?

भदौ २३ र २४ गतेको घटनालाई अन्तरिम सरकारद्वारा गठित समितिले छानबिन गर्ने र भदौ २४ गतेको घटनालाई नयाँ सरकारमार्फत गठित समितिले छानबिन गर्ने कुरा कतिको उचित हो ? जेन-जी आन्दोलनको पहिलो दिनको घटनालाई कुनै 'विज्ञ' आवश्यक नहुने र दोस्रो दिनको घटनालाई 'विज्ञ' आवश्यक हुने सरकारको द्वैधचरित्रभित्र के रहस्य छ ? एउटै घटनालाई अलग्ग अलग्ग समिति गठन गर्दा सरकारको हेराइ, बुझाइ र उद्देश्य फरक फरक रहेको अर्थ्याउन मिल्ने स्थिति किन तयार गर्ने ? भदौ २३ गतेको घटनाका दोषीहरूको छानबिन गरेझैँ भदौ २४ गतेको घटनामा संलग्न दोषीहरू थाहा पाउन छुट्टाछुट्टै समिति गठन आवश्यक छैन । शान्तिपूर्ण आन्दोलनमा सरिक युवा विद्यार्थीमाथि ताकी ताकी गोली हान्नेहरू, गोली हान्न आदश दिनेहरू कारबाहीमा पर्नुपर्छ; यसमा कसैको दुईमत छैन । सिंहदरबार, संसद् भवन, अदालत जलाउनु पनि त ठीक छैन । युवा र विद्यार्थीहरूको हत्यामा सिंहदरबार, संसद् भवन, अदालतको के दोष ? के ती सम्पदाहरू देशको सम्पत्ति होइन ? आगजनी गर्ने, लुटपाट गर्ने, हतियार लुट्नेहरू के अपराधी होइनन् ?

भदौ २४ गतेको घटनाबारे छानबिन गर्न फेरि नयाँ समिति गठन गर्ने सरकारको कार्यले पहिले गठित जाँचबुझ आयोग भदौ २३ गतेको लागि मात्र गठन भएको अहिले पुस्टि भयो । तर, यो किन गरियो ? यसको रहस्य के हो ? कतै भदौ २४ गतेको घटनाको छानबिनमा हाल निर्वाचित सांसदहरू कारबाहीमा पर्लान्, जेल जालान् र दलको बेइज्जत होला भनेर बुनेको चाल त होइन ? पहिले जाँचबुझ आयोग गठन हुँदा कसैलाई पनि भदौ २३ गतेको मात्रै छानबिन हुन्छ भन्ने लागेको थिएन; त्यो कहीँ कतै सार्वजनिक भएन । अहिले दोस्रो दिनको छानबिन नगरेको घटनाले अन्तरिम सरकारका प्रधानमन्त्री र रास्वपाका नेताहरूबिच सल्लाह भएको अनुमान राजनीतिक विश्लेषकहरूले गर्न थालेका छन् । सत्ता र शक्तिमा पुगेपछि मनपरी गर्ने काम न प्रजातान्त्रिक प्रक्रिया हो न त त्यो जीवन पद्धति नै हो ।

हरेक सरकारले इमानदारीपूर्वक बिनाभेदभाव काम गर्नुपर्छ । विगतमा सरकारले आफूभन्दा भिन्न मत राख्ने नेता, कार्यकर्ता या व्यक्तिलाई राति पक्राउ गर्ने, थुन्ने, मुद्दा लगाउने र आफ्नो पक्षकालाई केही नगर्ने गल्ती गऱ्यो भनेर अब त्यस्तै गल्ती दोहोऱ्याउनु हुँदैन । हिजोको गल्ती र कमजोरी सुधार गरेर अघि बढ्ने हो; बढ्नुपर्छ । पुरानो सरकारको कमी कमजोरीको दोष सबै पुराना दलमाथि थोपर्ने गल्ती कसैले नगरोस् । पुराना शासकहरूले गल्ती गरे भनेर नयाँ सरकारका शासकहरूले पनि गल्ती गरे कुन दलको सरकारलाई राम्रो मान्ने ! स्वच्छ राजनीति  हिजो पनि आवश्यक थियो; आज पनि आवश्यक छ; भोलि पनि  आवश्यक हुने छ । हिजोकै गल्ती र कमजोरी दोहोरिरहने हो भने सुशासन र विधिको शासनको अनुभव नेपाली जनताले कहिले पाउने ?

# गाजामा बालबच्चाविरुद्ध युद्ध अपराध भएको घोषणा

✍ थालिफ दीन

इजरायल प्यालेस्टिन द्वन्द्व अझै जारी छ । सन् २०२३ अक्टोबरमा यो सुरू भएको थियो । यो द्वन्द्वमा ७३ हजार ६ सय प्यालेस्टिनीहरूले ज्यान गुमाएका छन् । इजरायलतर्फ ११९५ जनाले ज्यान गुमाएका थिए । इजरायलविरूद्ध युद्ध अपराध, जातिसंहार, हिंसा र इजरायली जेलमा प्यालेस्टिनी बन्धकहरूविरूद्ध दुर्व्यवहार गरेका धेरै अभियोगहरू छन् ।

संयुक्त राष्ट्रसङ्घ, अन्तर्राष्ट्रिय फौजदारी अदालत र मानवअधिकार परिषद्जस्ता अन्तर्राष्ट्रिय निकायले जतिसुकै चेतावनी दिए पनि र निन्दा गरे पनि कार्यान्वयन गर्ने शक्तिले बेवास्ता गर्दै आएको छ ।



मार्च २४ गते राष्ट्रसङ्घको पत्रकार सम्मेलनमा भएको प्रश्नोत्तरबाट स्थिति कति भयावह छ भन्ने स्पष्ट हुन्छ । प्रश्न : धेरै समाचार संस्थाले इजरायली सैनिकहरूले गाजाका प्यालेस्टिनीलाई दबाब दिन करिम अबु नासर नाउँका १ वर्षका उनका छोरालाई यातना दिएको समाचार छापे । बच्चाको शरीरमा चुरोटले जलेको डाम, चोटपटक र नङमा घाउ देखिएको खबर छ । के तपाइँले यो खबर पढ्नुभयो ?

राष्ट्रसङ्घका प्रवक्ता स्टेफान डुजारिक : त्यो भयावह खबर मैले पनि पढेको छु । त्यसबारे छानबिन हुनैपर्छ । त्यो खबर नै पनि भयावह छ ।

डा. एलन बेन-मायर अन्तर्राष्ट्रिय सम्बन्धका अवकाशप्राप्त प्रोफेसर हुन् । उनले अन्तर्राष्ट्रिय सम्झौता र मध्यपूर्वको विषयमा अध्यापन गर्थे । हालै उनले न्युयोर्क विश्वविद्यालयमा पत्रकारहरूसँग कुरा गरे । उनले गाजामा भर्खर १८ महिना पुगेका करिम अबु नासरलाई इजरायली सैनिकहरूले यातना दिएको समाचार प्यालेस्टिनी र क्षेत्रीय सञ्चार गृहहरूले प्रसारण गरेको बताए । एक प्यालेस्टिनी पत्रकारले बनाएको यो समाचार 'प्यालेस्टिन टिभी' ले प्रसारण गरेको थियो ।

डा. बेन-मायरले जस्तै खबर टिआरटी वर्ल्ड, सबाह दैनिक, अनादोलु एजेन्सी जस्ता समाचार संस्था र विभिन्न ऐक्यबद्धता सञ्जालहरूले पनि प्रसार गरेका थिए ।

बालक करिम अबु नासरलाई उनका बुबासँगै मध्य गाजाको अल माघजी भन्ने ठाउँबाट बन्धक बनाइएको थियो । गाजका पत्रकार ओस्मान अल खलुतलाई उद्धृत गर्दै 'प्यालेस्टिन टिभी' भन्छ - बाबुलाई केरकार गर्दा इजरायली सैनिकहरूले बालकलाई यातना दिएका थिए । उनीहरूले बालकको खुट्टामा चुरोट झोँसेका थिए, उनलाई चिमोटेका थिए र उनको खुट्टाको नङमा धातुको काँटी घोपेका थिए ।

मेडिकल रिपोर्टबाट बच्चामा चुरोट जलेको दाग डाम र उनको नङमा घाउ भएको पुष्टि हुन्छ । रेडक्रसको अन्तर्राष्ट्रिय समितिले उनलाई १० घन्टापछि रिहा गर्न सहजीकरण गऱ्यो । तर, उनका बुबा अझै थुनामा छन् ।

डा. बेन-मायरले भने, "सामाजिक सञ्जालमा बच्चालाई ब्यान्डेज लगाइएको र उनको खुट्टामा घाउ लागेको दृश्य देखिन्छ । उनी करिम हुन भन्ने पहिचान भइसकेको छ । यसबाट नाम नै तोकेका स्थानीय पत्रकार र आधिकारिक प्यालेस्टिनी मिडियाले बताएको कुरा सही देखिन आउँछ ।"

**प्यालेस्टिनी बालबालिकालाई यातना दिएको र सताएको दस्तावेजी प्रमाण**

डा. बेन-मायरले भने, "सन् २०२३ अक्टोबर ७ यता गाजामा इजरायली फौजले प्यालेस्टिनी बालबालिकाविरूद्ध नियोजितरूपमै यातना दिएको, तिनीहरूलाई सताएको र कतिपयलाई अलप पारेको तथ्य पुष्टि गर्ने पर्याप्त दस्तावेजहरू छन् ।"

गाजाको सशस्त्र द्वन्द्व र त्यहाँका बालबालिकाबारे राष्ट्रसङ्घका महासचिवको प्रतिवेदन पनि आएको छ । प्रतिवेदनमा इजरायल र अतिक्रमित प्यालेस्टिनी भूभागमा बालबालिकासम्बन्धी कानुनको घोर उल्लङ्घन गरिएका ८ हजार घटना दर्ज छन् । इजरायलको सशस्त्र र सुरक्षा निकायले प्यालेस्टिनी बालबालिकाप्रति गरेको दुर्व्यवहार तथा बन्धक बनाइएका घटना पनि प्रतिवेदनमा सामेल छन् ।

सन् २०२३ को यही रिपोर्टमा ९०६ प्यालेस्टिनी बालबालिकालाई बन्धक बनाइएको उल्लेख छ । तीमध्ये ८४ जनालाई थुनामा दुर्व्यवहार गरिएको थियो । त्यस्तै, प्रतिवेदनमा गाजाका बालबालिकामाथि थुनामा यौन हिँसा गरिएका समाचारहरूको पनि उल्लेख छ ।

डा. राम्जी बारो प्यालेस्टिन क्रोनिकलका सम्पादक हुन् । उनी लन्डनमा 'मिडल इस्ट आई' का पूर्वप्रबन्ध सम्पादक थिए । उनले भने, "डुजारिकले सही भन्नुभयो । खबर भयावह छ । वास्तवमा स्थिति त्यो भन्दा भयावह छ ।

***बाँकी पृष्ठ ५ मा***

# ढुङ्गाको वालले खोला नमिचियोस्



पाठक पत्र

प्रत्येक वर्षझैँ वर्षायाममा बाढी पहिरो आउने, डुवानमा पर्ने, घर बस्ती बगाउने र बाली नालीमा क्षति हुँदै आएको यथार्थ हो । यो समस्या तराईमा मात्र होइन काठमाडौँ उपत्यकामा पनि हुँदै आएको हो । खोला साँगुरो हुँदा, खोलाको दायाँ बायाँको बगरको उचाइ नपुग्दा र भरपर्दो नहुँदा यहाँको बस्ती र खेत डुबानमा परेको हो; डुबानमा परेर बालीमा क्षति पुगेको हो । त्यसो त भक्तपुर नगरपालिकाले बाढीले नदीको छेउछाउमा थुपारेका माटो, घाँस आदि सफा नगरेको होइन । तर, यो डुवानको अन्तिम निकास होइन ।

अहिले भक्तपुर नगरपालिकाको अगुवाइ र सक्रियतामा खोलाको छेउमा ढुङ्गाको वाल बनाउने काम सुरु भएको छ । नदीको दायाँ बायाँ वाल लगाउँदा बगर बिग्रिने सम्भावना कम हुन्छ र बाली पनि बिग्रिने सम्भावना हुँदैन । तर , बनाइएको ढुङ्गाको वाल कसरी बनाइँदै छ भन्नेतर्फ अनुगमन हुनुपर्छ । वालमा राखेको सिमेन्ट (मसला) को मात्रा पुगेको छ कि छैन, वाल इस्टिमेटअनुसार खोलाको गहिराइमा पुगेको छ कि छैन ?, वाल नापी नक्साबमोजिम बनेको हो कि होइन ? कतै बनाइएको वालले खोला मिचिएको त छैन भन्ने प्रश्न बाटोमा हिँड्ने यात्रुहरूले प्रश्न गर्ने थालेका छन् ।

खोला साँगुरो भयो भने पानीको सतह माथि आउनु स्वाभाविक हो । पानीको सतह बगरभन्दा माथि आउनुको अर्थ डुवानमा पर्नु हो । खोला साँगुरो भएर एकातिर फेरि डुवान हुने सम्भावना हुन्छ भने अर्कोतिर बनाइएको वाल कमसल भयो भने बाढीले वाललाई क्षति पुऱ्याउन सक्छ । वर्षदिन नटिक्दै वाल भत्कियो भने पछि त्यो कसको सहयोगले मर्मत गर्ने भन्ने प्रश्न उठ्न सकिन्छ ? त्यसको लागि कहाँबाट बजेट उपलब्ध गराउने ? समयमै मर्मत भएन भने बालीनाली झन् नष्ट हुन्छ; डुवान यथावत रहने छ र जन-जीवनमा समस्या भइरहने छ ।

खोला छेउमा ढुङ्गाको वाल बनाउने काम भनपा वडा नं. ९ स्थित ब्रह्मायणी पुलनेर र भनपा वडा नं. ७ स्थित माईश्वरी खेल मैदानको पूर्वतिर बनाइँदै छ । त्यस्तै अन्यत्र पनि बनाइने योजना रहेको बुझिएको छ । भक्तपुर नगरपालिका या काठमाडौँ नगर विकास प्राधिकरण जसको स्रोतमा ढुङ्गाको वाल बनाए पनि त्यो भरपर्दो र बलियो हुनुपर्छ । नापी नक्साबमोजिम भयो भने वालले खोला मिचेको हुँदैन । पानी पऱ्यो, खोलामा पानी घटेन भनेर मसला (सिमेन्ट) नराखी ढुङ्गामाथि ढुङ्गा राख्दै वाल बनाइयो भने त्यो वाल छिट्टै बिग्रिने या भत्किनेमा शङ्का छैन । वाल वरपरको खेती, बस्ती सुरक्षा गर्ने र डुवान नहुने ढङ्गले बनाउनुपर्छ । यसतर्फ ठेकेदार, काम गर्ने कालिगड र मजदुरहरूले पनि काम सिध्याउने नाउँमा मसलाको मात्रा नमिलाई बनाएमा वाल टिक्ने छैन । यस विषयमा सम्बन्धित निकाय तथा स्थानीय बुद्धिजीवी तथा अग्रजहरूले ध्यान दिनुपर्ने देखिन्छ ।

***- अर्पण दुवाल***

# चीनका प्रसिद्ध विद्रोहहरू

*(चीनको आधुनिक इतिहासबारे जानकारी राख्न चीनको अफिम युद्ध, चीनको ताइपिङ किसान क्रान्ति, दोस्रो अफिम युद्ध, चीनको सुधार आन्दोलन, चीनको सच्चाइ र मेलमिलापको आन्दोलन (बक्सर विद्रोह), चीनको १९११ को क्रान्ति, ४ मई १९१९ को आन्दोलन, चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, कोमिनताङ पार्टी र कम्युनिस्ट पार्टीको संयुक्त मोर्चा र सन यात-सेनको मृत्युपछि संयुक्त मोर्चाको विघटन र कोमिनताङको दक्षिणपन्थी पक्षले क्रान्तिलाई विश्वासघात गरेको विषय अध्ययन गर्नु आवश्यक छ ।*

*साम्राज्यवादीहरू र चिनियाँ प्रतिक्रियावादीहरूको गठबन्धनको विरोधमा चीनलाई एक स्वतन्त्र देशको रूपमा उभ्याउन चिनियाँ कम्युनिस्ट पार्टी र मजदुर, किसान, राष्ट्रिय पुँजीपतिवर्ग र अन्य सबै देशभक्तहरूलाई एकगठ गरेर कसरी काम गर्दै गए, के कस्ता विद्रोहहरू भए र योगदान दिए भन्नेबारे जानकारी दिन २०३८ सालको पुस महिनामा काठमाडौँको युवा अध्ययन गोष्ठीले 'चीनका प्रसिद्ध विद्रोहहरू' सम्पादन र प्रकाशन गरेको थियो । सो पुस्तिकामा 'शरद्को बाली काट्ने विद्रोह', '१ अगस्टको नानचाङ विद्रोह', 'नानचाङ विद्रोह र त्यसको ऐतिहासिक महत्त्व', 'क्यान्टन विद्रोह', 'शाङ्घाइका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोह' र 'क्वाङचाओ विद्रोह' छापिएको थियो । ती लेखहरू 'पेकिङ रिभ्यू' र 'चाइना रिकन्स्ट्रक्सन' बाट उल्था गरिएका थिए । यसबारे जानकारीको निम्ति 'चीनका प्रसिद्ध युद्ध र विद्रोहरू' पुस्तकबाट फेरि साभार गरिएको छ । -सं)*

**शरद्को बाली काट्ने विद्रोह**

१९२७ को ऐतिहासिक शरद्को बाली काट्ने विद्रोह चिनियाँ क्रान्तिको इतिहासमा एक हेरफेर ल्याउने बिन्दु थियो । १९२७ को अप्रिल र जुलाईमा च्याङ काई-सेकले प्रतिनिधित्व गरेको कोमिनताङ दक्षिणपन्थीहरूले क्रान्तिलाई धोखा दिए र चिनियाँ कम्युनिस्ट पार्टी र क्रान्तिकारी जनतामाथि अचानक आक्रमण गरे । क्रान्तिकारी शक्तिलाई ठुल्ठुलो नोक्सान भयो र क्रान्ति तल झर्न थाल्यो ।

१ अगस्ट १९२७ को दिन, कामरेड चाउ एन-लाइ, चु तेह, हो लुङ, येह तिङ र ल्यु-पो-चेङले दक्षिणपन्थी अवसरवादी चाङ कुओ-ताओका बाधाहरूलाई पन्छाएर नानचाङ विद्रोहको योजना गरे । कोमिनताङ प्रतिक्रियावादीहरूमाथि यो पहिलो गोली हनाइ थियो । यो क्रान्तिकारी युद्ध र जनसेना निर्माणलाई चिनियाँ कम्युनिस्ट पार्टीले स्वतन्त्रतापूर्वक नेतृत्व गर्ने एक अवधिको सुरुवातको घोषणा थियो ।

७ अगस्ट १९२७ को दिन पार्टी केन्द्रीय समितिले हान्कोमा एक जरुरी बैठक बोलायो, जसमा माओ त्सेतुङले एक अत्यन्त महत्त्वपूर्ण भाषण दिनुभयो । पार्टीको सही नीतिलाई प्रतिनिधित्व गरेको त्यस भाषणले चेन तु-स्युको दक्षिणपन्थी आत्मसमर्पणवादी नीतिमाथि चर्को प्रहार गर्‍यो र महान् क्रान्तिको हारका मुख्य मुख्य कारणहरूलाई एक एक गरेर देखाइयो । त्यसले 'राजनैतिक सत्ता बन्दुकको नालबाट उठ्छ' भन्ने धारणा प्रस्ट अघि सारेको थियो र सशस्त्र सङ्घर्ष गर्न पूरा देशका जनतालाई नेतृत्व गर्न चीनको पार्टीको महत्त्वपूर्ण स्थितिलाई देखाइदियो । त्यस बैठकले शरद् बाली काट्ने बेलामा विद्रोह सुरु गर्ने निधो गर्‍यो ।

त्यस बैठकमा कामरेड माओ त्सेतुङ पार्टीको केन्द्रीय समितिको राजनैतिक ब्युरोको वैकल्पिक सदस्य चुनिनुभयो । बैठकपछि उहाँ पार्टी केन्द्रीय समितिको ७ अगस्टको बैठकको निर्देशनलाई व्याख्या गर्न हुनान प्रान्तीय पार्टीलाई फेरि सङ्गठन गर्न र हुनान-क्याङसी सीमा इलाकामा शरद्को बाली काट्ने विद्रोहलाई नेतृत्व गर्न हुनानको विशेष अधिकारीको रूपमा पठाइनुभयो ।

पार्टी केन्द्रीय समितिबाट दिइएको यस महत्त्वपूर्ण कामलाई लिएर कामरेड माओ त्सेतुङ १९२७ मध्य अगस्टमा चाङसा पुग्नुभयो । १८ अगस्टमा पुन: सङ्गठन गरिएको हुनान प्रान्तीय पार्टी समितिको पहिलो बैठक बस्यो र शरद्को बाली काट्ने विद्रोहको निम्ति योजना बनाइयो । कामरेड माओ त्सेतुङले बैठकमा भन्नुभयो, "विद्रोहले किसानहरूको निम्ति जग्गाको प्रश्नलाई सुल्झाउनुपर्छ तर विद्रोहलाई सुरु गर्न किसान शक्तिमा मात्र भर परेर पुग्दैन । सैनिक सहायता पनि चाहिन्छ, यसको लागि एक अथवा दुई पल्टन (रेजिमेन्टहरू) ढाडजस्तै चाहिन्छ नत्र विद्रोह असफल हुनसक्छ, सैनिक कामहरूलाई बेवास्ता गर्न नै हाम्रो पार्टीको पहिलेका विरामहरूमध्ये हुन् । अहिले हाम्रो मुख्य कोसिस सैनिक सङ्घर्षमा दिनुपर्छ र बन्दुकको माध्यमले राजनैतिक शक्ति कब्जा गर्ने र स्थापना गर्ने गर्नुपर्छ ।"

प्रान्तीय पार्टी समितिले शरद् बाली काट्ने विद्रोहको निम्ति अगुवाइ गर्ने समितिहरू निर्माण गर्‍यो । कामरेड माओ त्सेतुङ सचिवको रूपमा रहेको, पार्टीको एउटा मोर्चा समिति, अर्को विद्रोहका इलाकाहरूमा स्थानीय पार्टी समितिका अगुवा सदस्यहरू भएको पार्टीको सङ्घर्ष समिति, सबै क्रान्तिकारी सेना, मजदुर र किसानहरूको सशस्त्र शक्तिहरू विद्रोहमा सामेल हुँदै मजदुर र किसानहरूको क्रान्तिकारी सेनाको पहिलो सेनाको प्रथम भाग (डिभिजन) मा सङ्गठित भए ।

प्रान्तीय पार्टी समितिको स्थायी समितिको बैठकको निर्णयअनुसार कामरेड माओ त्सेतुङ मजदुर र किसानहरूको क्रान्तिकारी सेनालाई हाँक्न र विद्रोहलाई निर्देशन गर्न हुनान-क्याङसी सीमामा जानुभयो । बाटोमा उहाँले हुनान प्रान्तीय पार्टी समितिको स्थानीय पार्टी सङ्गठनहरूबारेको निर्णय र ७ अगस्टको बैठकको निर्देशनअनुसार काम गर्ने बन्दोबस्त गर्नुभयो र लागू गर्नुभयो ।

सेप्टेम्बरको सुरुमा कामरेड माओ त्सेतुङले क्याङसी प्रान्तको आनयान जिल्लाको चाङचियावानमा एक महत्त्वपूर्ण सैनिक सम्मेलन बोलाउनुभयो । त्यसमा विद्रोहको निम्ति खास खास विषयबारे छलफल गर्न सीमा इलाका पार्टी र सैनिक नेताहरूले भाग लिएका थिए ।

विद्रोहको सैनिक ढाड हाम्रो पार्टीको नियन्त्रणमा रहेको मजदुर र किसानहरूको सशस्त्र शक्ति र क्रान्तिकारी सेना थियो । तिनीहरूमध्ये एउटा मुख्य उहान राष्ट्रिय सरकारको पुरानो रक्षक सेना (रेजिमेन्ट) पिङयाङ र लियुयाङको किसान सेना र आनयान कोइला खानीका मजदुरहरूको सशस्त्र शक्ति थियो ।

विद्रोहको निम्ति होसियारीपूर्वक तयारी गरिसकेपछि, कामरेड माओ त्सेतुङ विद्रोहको ठुलो महत्त्वलाई सम्झाउन पिहास्योंग, लिलिङ, ल्यु यान र टुङ्कुमा जानुभयो; क्रान्तिकारी शक्तिहरूलाई सङ्गठित गर्नुभयो र सङ्घर्षको निम्ति खँडिला योजनाहरू बनाउनुभयो । मजदुर, किसान र क्रान्तिकारी लडाकुहरूले विद्रोहमा भाग लिन उत्साह देखाए तथा तिनीहरू ठुलो सङ्ख्यामा उपस्थित थिए ।

९ सेप्टेम्बर १९२७ को दिन कामरेड माओ त्सेतुङको आफ्नै अगुवाइमा शरद् बाली काट्ने विद्रोह भयो । त्यसैले पूरै देश हल्लियो । पहिलो दिन रेल बाटाका मजदुर र किसानहरूले विद्रोहमा भाग लिए, योहयाङ र हनङशाचिहबिचको र चासा र चुको बिचको रेलको बाटोको एक भागलाई काटेर शत्रुको सञ्चार र आवतजावतलाई ध्वस्त पारिदिए ।

हो, विद्रोही सेनाले आफूभन्दा राम्रो शत्रु सेनासँग भिड्नुपर्दा र लडाइँको अनुभव नहुँदा शरद्को बाली काट्ने विद्रोहको उत्साह घट्यो । तर वर्गशत्रुविरुद्ध पार्टीको अगुवाइमा सशस्त्र सङ्घर्ष गर्न हजारौं मजदुर र किसानहरू उठाउन सफल भयो ।

गाऱ्हो लडाइँपछि विद्रोही सेनाहरू १९ सेप्टेम्बरको दिन हुनान प्रान्तको ल्युयान जिल्लाको वेन्चेशीहमा पुगे । त्यस साँझ कामरेड माओ त्सेतुङले सेनाहरू अब कुन दिशामा हिँड्नुपर्छ भन्नेबारे छलफल गर्न विभागीय (डिभिजन) केन्द्रमा मोर्चा समितिको बैठक बोलाउनुभयो ।

उहाँले परिस्थितिको व्याख्या गरिदिनुभयो, "शत्रु ठुलो र बलियो छ जबकि हामी साना र निर्बलिया छौं र क्रान्ति झर्दो अवस्थामा छ । शत्रुले आफ्ना मुख्य सेनाहरू ठुल्ठुला सहरमा राखेको छ र त्यसबेला हामीले सहरहरू कब्जा गर्ने सम्भव हुँदैन । यसकारण, हामीले हाम्रो क्रान्तिकारी कामको केन्द्रलाई सहरहरूबाट गाउँतिर लैजानुपर्छ जहाँ शत्रु निर्बलियो छ त्यहाँ हामीले चर्को किसान क्रान्ति चलाउनुपर्छ, किसान जनतामा काम गर्नुपर्छ । सशस्त्र सङ्घर्षलाई चालु राख्नुपर्छ; क्रान्तिकारी सेनाहरूलाई सुरक्षित र विकास गर्नुपर्छ र आधार इलाका स्थापना गर्नुपर्छ ।"

कामरेड माओ त्सेतुङको अगुवाइमा २० सेप्टेम्बरको दिन सेनाहरूले वेनचेशीह छोडे र चिकाङ पहाडतिरको महान् रणनीतिक यात्रा सुरु गरे ।

बाटोमा सेनाहरूले एक जिल्लाको गौँडा कब्जा गरे । तिनीहरूले जेलको ढोका फोरिदिए । र त्यहाँ थुनिराखिएका कम्युनिस्ट पार्टीका सदस्यहरू र अरु क्रान्तिकारीहरूलाई मुक्त गरे । तिनीहरूले जिल्ला सरकारको अन्नको गोदाम फोरे र सारा जनतालाई अन्न बाँडिदिए ।


लामो यात्रा र तीता लडाइँपछि सेप्टेम्बर २९ को दिन सेनाहरू क्याङसी प्रान्तको युङसीन जिल्लाको सानवान गाउँमा पुगे । त्यही सोझै कामरेड माओ त्सेतुङले मोर्चा समितिको एक बैठक बोलाउनुभयो । त्यस बैठकले सेनालाई फेरि सङ्गठित गर्ने निधो गऱ्यो । हाम्रो सेनाको निर्माणको इतिहासमा 'सानवानको पुन: सङ्गठन' को ठुलो महत्त्व छ ।

त्यसबेला सङ्घर्षको स्थितिको प्रकाशमा हाम्रा सेनाहरूले धेरै ठुलो क्षति भोगेका थिए । कामरेड माओ त्सेतुङले डिभिजनलाई रेजिमेन्टमा बन्दोबस्त गर्नुभयो र पुन: सङ्गठित गर्नुभयो । यसलाई फेरि मजदुर र किसानहरू कान्तिकारी सेनाको पहिलो डिभिजनको पहिलो रेजिमेन्टको नाम दिनुभयो ।

कामरेड माओ त्सेतुङले सेनाको विभिन्न तहमा पार्टी सङ्गठन स्थापना गर्ने काममा ठुलो ध्यान दिनुभयो । पार्टी शाखाहरू कम्पनीको आधारमा सङ्गठित गरियो र दलहरू, स्क्वायड र प्लाटुनहरूमा सङ्गठित गरियो । कम्पनी तहभन्दा माथिका समितिहरूमा पार्टी प्रतिनिधिहरू रहन्थो र बटालियन र रेजिमेन्टहरूमा पार्टी समितिहरू हुन्थे । कामरेड माओ त्सेतुङ सचिव रहनुभएको मोर्चा समितिको संयुक्त अगुवाइमा सारा सेना थियो । मुख्य-मुख्य प्रश्नहरूमा पार्टी समितिहरूले छलफल गर्थे र निर्णय गर्थे ।

पुराना सेनाहरूको पुरानो व्यवस्थालाई जरैदेखि उखेल्न कामरेड माओ त्सेतुङले सेनामा एक प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने निर्णय गर्नुभयो । अफिसरहरूले जवानहरूलाई पिट्न वा गाली गर्न दिइएन, स-साना औपचारिकताहरू समाप्त गरियो, सिपाहीहरू सभा गर्न र बोलेर भन्न स्वतन्त्र भए तथा अफिसर र मानिसहरू माझमा समान रूपले व्यवहार गरिए । हरेक दलमा कम्पनी तहभन्दा माथि अध्यक्ष भएको सैनिक समितिहरू गठन गरियो र त्यसका सदस्यहरू सिपाहीँहरूबाट प्रजातान्त्रिक ढङ्गले चुनिन्थे । पार्टी प्रतिनिधिको नेतृत्वमा समितिहरूले प्रचार कार्य र जनकार्यहरू गर्थे र सिपाहीँहरूको निम्ति मनोरञ्जनका गतिविधिहरू गर्दै, जनताको हिसाब-किताब र बन्दोबस्तको जाँचबुझ गर्थे, अधिकारलाई प्रयोग गर्ने र अफिसरहरूमाथि पनि जाँचबुझ गर्थे । विराम गर्ने अफिसरहरूलाई तिनीहरू आलोचना गर्ने र विरामहरूलाई प्रमाणित गर्थे ।

सानवानको पुन: सङ्गठनपछि सेनामा पार्टीको पूरा नेतृत्व कायम रह्यो । त्यसले हाम्रो सेनाले आफ्नो सर्वहारा स्वभावलाई कायम गर्ने निश्चय गर्‍यो र नयाँ किसिमको जनसेनाको निम्ति राजनैतिक र सङ्गठनात्मक आधार तयार गर्‍यो । यसले सेनाको निर्माणमा अध्यक्ष माओको नीतिअनुसारको एक नयाँ किसिमको जनसेनाको निर्माणको महान् सुरुवातलाई जनाउँथ्यो ।




कामरेड माओ त्सेतुङको अगुवाइमा मजदुर र किसानहरूको क्रान्तिकारी सेनाले वेन्चिशीहरूबाट एक महिनाभन्दा अलि बढीमा ५ सय किमि हिँड्यो र अन्तमा चिकाङ पहाडमा क्रान्तिकारी रातो झन्डालाई माथि उठायो ।

१९२८ अप्रिलको अन्ततिर, कामरेड चु तेह र चेन यिले कामरेड माओ त्सेतुङको मातहतको क्रान्तिकारी सेनासँग मिलेर नानचिङ विद्रोह र हुनानदेखि चिकाङ पहाडसम्म विद्रोह गरी आएको किसान सेनाहरूको नेतृत्व गर्नुभयो । कामरेड चु तेह कमान्डर, कामरेड माओ त्सेतुङ पार्टी प्रतिनिधि र कामरेड चेन यी राजनीतिक विभागको निर्देशकको रूपमा रहेको मजदुर र किसानहरूको लालसेनाको चौथो पल्टन स्थापना भयो ।

शरद्को बाली काट्ने विद्रोह र चिकाङ पहाडको यात्रा चिनियाँ क्रान्तिको हारबाट विजयमा पुग्ने महान् मोडको बिन्दु थियो । चिकाङ पहाडमा कामरेड माओ त्सेतुङले स्थापना गर्नुभएको पहिलो गाउँले क्रान्तिकारी आधार इलाका चिनियाँ क्रान्तिको सुरुवात थियो । कामरेड माओ त्सेतुङले सल्काउनुभएको 'मजदुर र किसानहरूको सशस्त्र स्वतन्त्र राज्य' को आगोको ज्वाला विस्तारै चीनको सारा ठाउँमा फैलियो ।

पेचिङ रिभ्यू
५ अगस्ट १९७७, नं. ३२

**स्रोत : चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू**

---

***गाजामा...***

त्यो कलिलो बच्चा करिम र उसको परिवारले भोग्नुपरेको कहर एक्लो घटना होइन । यो सधैँ भोगिरहनुपर्ने यथार्थ हो । जातिसंहारको बेला यस्ता धेरै घटना भएका छन् ।"

२१ हजारभन्दा बढी 'करिमहरू' छन् । तिनलाई एकदम निर्ममतापूर्वक मारिएको डा. बारोले बताए । उनले भने, "दशौँ हजार बालबालिका घाइते छन्; अङ्गभङ्ग छन्; ध्वस्त गाजाका खण्डहरमुनि मृत अवस्थामा छन् ।"

सबैभन्दा कहालिलाग्दो तथ्य के हो भने यी एक वर्षका बालकलाई यातना दिने सैनिकहरू यस्तै अन्य अपराध गर्न खुलेआम हिँडिरहेका छन् । गाजाका बालबालिका र तिनका अभिभावकलाई मार्ने, यातना दिने र अङ्गभङ्ग पार्ने सैनिकहरूले कसैलाई जवाफ दिनुपरेको छैन ।

डा. बारोले भने - उत्तिकै तनावपूर्ण तथ्य के पनि हो भने राष्ट्रसङ्घले बढीमा यो बर्बरताको पुष्टि गर्न सक्छ तर त्यसलाई रोक्न सक्दैन । प्यालेस्टिनीहरूका लागि अन्तर्राष्ट्रिय कानुनको कुनै प्रयोजन छैन भन्ने सन्देश गएको छ ।

उनले भने, "इजरायली जातिसंहारमा मारिएका गाजाबासीहरूका लागि शब्दको के काम ? दोषीहरूलाई जवाफदेही बनाउन सकिन्न भने प्रतिवेदन, छलफल, अनुसन्धान र शोक-सन्तापको के अर्थ ? म यो प्रतिवेदनसँग परिचित छु । विनाशकारी भए पनि यसले बालबालिकामाथि भएका तमाम हिंसाका घटनाको विवरणको सानो प्रतिविम्ब उतारेको छ ।"

डा. बारोले घोषणा गर्नुभयो - प्यालेस्टिनीहरूले ठोस कारबाही चाहेका छन् । त्योबिना यो बर्बरता जारी रहनेछ । प्रतिवेदन वा लिखतमा के लेखियो भन्ने कुराले धेरै अर्थ राख्दैन ।

यसबिच प्यालेस्टिनका लागि राष्ट्रसङ्घकी विशेष प्रतिवेदक फ्रान्सेस्का अल्बानिजले तीन इजरायली मन्त्रीहरूविरूद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतले पक्राउ पुर्जी जारी गर्नुपर्ने माग राखेकी छिन् । जातिसंहारसहर 'नियोजित यातना' दिनुमा यिनै तीन मन्त्री जिम्मेवार रहेको उनको ठहर छ ।

राष्ट्रसङ्घको मानवअधिकार परिषद्मा यो हप्ता अल्बानेजीले नयाँ प्रतिवेदन प्रस्तुत गरिन् । सो प्रतिवेदनमा इजरायलका गृहमन्त्री इतमार बेन गभिर, वित्तमन्त्री बेजालेल स्मोत्रिच र रक्षामन्त्री इजरायल कात्जको नाम उल्लेख छ । सन् २०२३ अक्टोबर ७ पछि प्यालेस्टिनीहरूलाई यातना दिने गरी नीति निर्माण गर्नमा यी नेताहरूको हात रहेको प्रतिवेदन उल्लेख गर्छ । डा. बेन-मायरले यसमा आफ्नो कुरा थपे । उनले 'प्यालेस्टिनी बालबालिकाको प्रतिरक्षा' नामक संस्थाको सन् २०२५ को प्रतिवेदनमा उल्लेख गरे । उक्त प्रतिवेदन भन्छ, "सन् २०२५ भरि इजरायली फौजले प्रतिदिन प्यालेस्टिनी बालबालिकालाई मारे, अङ्गभङ्ग पारे, यातना दिए, भोकभोकै राखे, अपहरण गरे र विस्थापित बनाए ।" थुनामा राखिएका बालबालिकालाई इजरायली सैनिकहरूले यातना दिर्नु र दुर्व्यवहार गर्नु सामान्य रहेको उनले बताए ।

उनले भने - गाजाका बालबालिकालाई ताइमान जस्ता कारागारमा थुनामा राख्ने र स्थानान्तरण गरिन्थ्यो । तिनलाई त्यहाँ नाङ्गै बनाइन्थ्यो, भोकभोकै राखिन्थ्यो, कुटपिट गरिन्थ्यो, पिँजडामा थुनिन्थ्यो, इलेक्ट्रिक शक दिइन्थ्यो, लौरोले हानिन्थ्यो र कानै खानेगरी सङ्गीत बजाइने र बेलाबेला भकुर्ने 'डिस्को कोठा' मा राखिन्थ्यो । यी कुनै पनि कार्य यातनाका कानुनी परिभाषामा अटाउँदैनन् । बरू यी कार्य असाध्यै क्रूर, अमानवीय वा अपमानपूर्ण थिए ।

यी विवरणहरू धेरै बालबालिकाका बयान र कानुनसम्मत दस्तावेजमा आधारित छन् । यिनलाई आपराधिक कार्य र युद्ध अपराधका प्रमाणको रूपमा प्रस्तुत गरिएको छ । डा. बेन-मायरले भने, "युद्धको बेला गाजामा कार्यरत इजरायली सैनिकहरूसँग मैले कुरा गरेको थिएँ । तिनीहरूले समेत यो प्रतिवेदनमा उल्लेख विवरणलाई सही भनेका छन् ।"

**मानव-ढालको रूपमा बालबालिकाको दुरूपयोग**

डा. बेन-मायरले भने - कानुनी विश्लेषण र तिनको समीक्षामा समेत अनेक घटनाको उल्लेख छ । इजरायली सेनाले प्यालेस्टिनी बालबच्चालाई मानव-ढालको रूपमा प्रयोग गरेका प्रसङ्गहरू छन् । यो कार्य आफैमा युद्ध अपराध हो । साथमा, उनीहरूले बालबालिकाप्रति शारीरिक र मनोवैज्ञानिक दुर्व्यवहार गरेको बारम्बार चर्चा छ ।

यसले पुगेको खतरा वा हानिलाई हेर्दा अन्तर्राष्ट्रिय कानुनअनुसार यी घटनालाई यातना भन्न मिल्छ । दु:खको कुरा, इजरायली सेनाले प्यालेस्टिनीहरू र तिनका छोराछोरीविरूद्ध यस्ता कार्य गर्दै आएको लामो इतिहास छ ।

**यसलाई युद्ध अपराध कसरी भन्ने ?**

यातनाविरूद्ध अभिसन्धि तथा रोम अभिसन्धिअनुसार - सूचना, स्वीकारोक्ति लिने वा दण्ड दिने, धम्क्याउने वा जोरजबर्जस्ती गर्ने नियतसाथ कुनै राज्यका कर्मचारीहरूले सशस्त्र द्वन्द्वका क्रममा कसैलाई जानाजान गम्भीर शारीरिक र मानसिक चोट पुऱ्याउँछ भने यसलाई यातना वा युद्ध अपराध भन्नुपर्छ । यही कार्य व्यापक स्तरमा व्यवस्थित रूपमा गरिन्छ भने यसलाई मानवताविरूद्ध अपराध भन्न सकिन्छ ।

ताइमन कारागारमा बन्दीलाई इलेक्ट्रिक शक दिइन्छ, भोकभोकै राखिन्छ, निर्घात कुटपिट गरिन्छ र संवेदनशील यातना दिइन्छ । यस्ता कार्य माथिको परिभाषासँग मेल खान्छ । इजरायली सेनाले बालबच्चालाई थुनामा राख्ने, तिनीहरूसँग दुर्व्यवहार गर्ने र तिनलाई मानव-ढालको रूपमा प्रयोग गर्ने गरेको राष्ट्रसङ्घकै दस्तावेजबाट सही ठहरिन्छ । यसकारण, त्यसलाई युद्ध अपराधको कोटीमा राख्न मिल्छ ।

डा. बेन-मायर तर्क गर्छन् - एक वर्षका बालक करिमको घटनालाई पनि माथिको परिभाषामा राख्न मिल्छ । इजरायली सैनिकहरू राज्यका कर्मचारी हुन् । उनीहरूले जानाजान एक बच्चालाई उसकै बाबुका सामुन्ने गम्भीर चोट पुऱ्याएर स्वीकारोक्ति लिन खोजेका थिए । उनले घोषणा गरे, "प्रमाणले नै यो तर्कलाई पुष्टि गर्छ । इजरायलले युद्ध अपराध र बालबालिकासहित मानवताविरूद्ध अपराध गरेको छ ।"

*(राष्ट्रसङ्घको ब्युरो रिपोर्टबाट 'एमआर अनलाइन' ले साभार गरेको अंश । सम्यक )*



सान फ्रान्सिस्को, संरा अमेरिका



बोस्टन, संरा अमेरिका


सिकागो, संरा अमेरिका



न्युयोर्क, संरा अमेरिका

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यशैली, नीति र निर्णयको विरोधमा मार्च २८, २०२६ का दिन संरा अमेरिकाका २ सयभन्दा बढी सहरमा 'नो किङ अगेन' विरोध प्रदर्शन भएका छन् । मध्यपूर्व युद्ध, क्युवा र भेनेजुयलामा हस्तक्षेप र नाकाबन्दी आदिको विरोधमा भएको शनिबारको उक्त विरोध प्रदर्शनमा अमेरिकाभरमा १ करोडभन्दा बढी सामेल भएको अमेरिकी सुरक्षा निकायहरूले नै जनाएका छन् । *तस्बिर : एएफपी /एपी*

# इरान-अमेरिका तनाव : सयौँ अमेरिकी सैनिक घाइते, मध्यपूर्वमा द्वन्द्व तीव्र

वासिङ्टन, २९ मार्च (एपी) । इरानसँग जारी युद्धका क्रममा अमेरिकी सैनिकहरू घाइते हुने सङ्ख्या ३०० भन्दा बढी पुगेको बताइएको छ, जसले द्वन्द्वको तीव्रता झन् बढिरहेको सङ्केत गर्दछ । पछिल्लो समय साउदी अरेबियास्थित एक महत्त्वपूर्ण हवाई अड्डामा इरानले ६ वटा ब्यालिस्टिक क्षेप्यास्त्र र २९ वटा ड्रोन प्रयोग गरेर आक्रमण गरेको बताइएको छ । उक्त आक्रमणमा कम्तीमा १५ जना अमेरिकी सैनिक घाइते भएका छन्, जसमा ५ जनाको अवस्था गम्भीर रहेको छ । यसअघि पनि सोही क्षेत्रमा भएका आक्रमणहरूमा सैनिकहरू घाइते भएका थिए र केही सैन्य उपकरणहरूमा क्षति पुगेको थियो ।

यसैबिच अमेरिकाले मध्यपूर्व क्षेत्रमा आफ्नो सैन्य उपस्थिति उल्लेखनीय रूपमा बढाएको छ । करिब दुई हजार ५०० मरीन सैनिक बोकेको एक ठुलो युद्धपोत त्यहाँ पुगेको छ भने अन्य थप युद्धपोतहरू र सैन्य एकाइहरू पनि पठाइएका छन् । अहिले उक्त क्षेत्रमा करिब ५० हजार अमेरिकी सैनिक, दुई विमानवाहक जहाज र विभिन्न युद्धपोतहरू तैनाथ भइसकेका छन्, जुन पछिल्लो दुई दशकयताकै सबैभन्दा ठुलो सैन्य उपस्थिति मानिएको छ ।

यो युद्ध सुरु भएको एक महिना पूरा भइसकेको छ । हालसम्म १३ जना अमेरिकी सैनिकले ज्यान गुमाएका छन् । तीमध्ये केही सैनिकहरू ड्रोन आक्रमणमा परेर मृत्यु भएका हुन् भने केही सैनिकहरू विमान दुर्घटनामा परी मारिएका हुन् । सयौँ सैनिकहरू घाइते भएका छन्, जसमध्ये धेरैजसो उपचारपछि पुन: ड्युटीमा फर्किएका छन् भने केही अझै उपचारमा रहेका छन् ।

इरानले अमेरिकाको तथा उसका सहयोगी देशहरूको आक्रमणको जवाफस्वरूप इजरायल र खाडी क्षेत्रका अन्य देशहरूलाई पनि लक्षित गर्दै आक्रमणहरू गर्दै आएको छ । विशेषगरी हर्मुज जलडमरूमध्यमा इरानले कडा नियन्त्रण कायम गरेपछि विश्वव्यापी तेल आपूर्ति प्रणालीमा ठुलो असर परेको छ । यसका कारण अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य तीव्र रूपमा बढेको छ र विश्व अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ । साथै, हवाई उडानहरू अवरुद्ध हुँदा यात्रु आवागमनमा समेत समस्या देखिएको छ ।

अमेरिकी नेतृत्वमाथि अहिले यो द्वन्द्व अन्त्य गर्न ठुलो दबाब बढ्दै गएको छ । अमेरिकाले कूटनीतिक तथा सैन्य दुवै विकल्प खुला राखेको जनाएको छ र आवश्यक परे थप कदम चाल्न सक्ने सङ्केत दिएको छ । यद्यपि, इरानले हालसम्म कुनै पनि वार्तामा सहभागी नभएको जनाएको छ, जसका कारण युद्ध चाँडै अन्त्य हुने सम्भावना अनिश्चित देखिएको छ ।

**मध्यपूर्व तनाव उत्कर्षमा**

मध्यपूर्वमा जारी युद्धले आइतबार नयाँ उचाइ लिँदै विभिन्न देशहरूमा सैन्य गतिविधि, आक्रमण र कूटनीतिक पहलहरू तीव्र बनेका छन् । इरान, इजरायल र अमेरिकाबिचको तनाव विस्तार हुँदै जाँदा क्षेत्रीय सुरक्षामा गम्भीर चुनौती उत्पन्न भएको देखिएको छ ।

आइतबार इरानले आफ्नै भूभागमा थप आक्रमणको सामना गर्नुपरेको छ । अमेरिका-इजरायल संयुक्त आक्रमणले रणनीतिक महत्त्वको स्ट्रेट अफ होर्मुज नजिक रहेको बन्दर खमीर बन्दरगाह सहरमा प्रहार गर्दा पाँच जनाको मृत्यु भएको इरानी राज्य मिडियाले जनाएको छ भने चार जना घाइते भएका छन् । यसैबिच, राजधानी तेहरानका विभिन्न स्थानमा शक्तिशाली विस्फोटका आवाजहरू सुनिएका छन् । विशेषगरी उत्तरी तेहरान क्षेत्रमा धुवाँ उठेको देखिएको छ, जसले आक्रमणको प्रभाव व्यापक रहेको सकेत गर्दछ ।

यसको जवाफस्वरूप इरानले पनि क्षेत्रीय स्तरमा आक्रमण तीव्र पारेको जनाएको छ । इरानको रिभोलुसनरी गाड्र्सले संयुक्त अरब इमिरेट्स र बहराइनका एल्युमिनियम उद्योगहरूमा मिसाइल तथा ड्रोन प्रहार गरेको दाबी गरेको छ । ती उद्योगहरूलाई अमेरिकी सैन्य तथा एयरोस्पेससँग जोडिएको संरचना भन्दै लक्ष्य बनाइएको बताइएको छ ।

यसैक्रममा, इजरायल-लेबनान सीमामा पनि हिंसा जारी छ । इजरायली सेनाले दक्षिण लेबनानमा थप एक सैनिकको ज्यान गएको पुष्टि गरेको छ । मार्च २ देखि हिज्बुल्लाहले इजरायलतर्फ रकेट आक्रमण सुरु गरेपछि यो पाँचौं सैन्य मृत्यु भएको हो । मृत्यु हुने सैनिक २२ वर्षीय सार्जन्ट मोशे यिट्जचाक हाकोहेन काट्ज रहेका छन् ।

अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले पनि सम्भावित स्थलगत कारबाहीको तयारी गरिरहेको समाचार बाहिरिएको छ । वासिङ्टन पोस्टका अनुसार खारग टापु र स्ट्रेट अफ होर्मुज आसपासका क्षेत्रमा सीमित स्तरका सैन्य अपरेसन गर्ने योजना बनाइँदैछ । यद्यपि, राष्ट्रपति डोनाल्ड ट्रम्पले औपचारिक स्वीकृति दिनुभएको छैन । सम्भावित कारबाही पूर्ण युद्ध नभई विशेष फौज र पैदल सेनामार्फत लक्षित छापा अभियान हुने बताइएको छ ।

कुवेतले पनि आफ्नो सुरक्षालाई ध्यानमा राख्दै वायु रक्षा प्रणाली सक्रिय बनाएको जनाएको छ । त्यहाँका सशस्त्र बलले मिसाइल र ड्रोन आक्रमणको सम्भावित खतरा निष्क्रिय पारिएको र विस्फोटका आवाजहरू त्यसैको परिणाम भएको स्पष्ट पारेका छन् ।

यसैबिच, इरानले मध्यपूर्वस्थित अमेरिकी विश्वविद्यालयहरूलाई समेत चेतावनी दिएको छ । अमेरिका-इजरायल आक्रमणमा आफ्ना दुई विश्वविद्यालय ध्वस्त भएको आरोप लगाउँदै ती घटनाको सार्वजनिक निन्दा नगरे लक्ष्य बनाइने चेतावनी दिइएको छ ।

तनाव कम गर्न कूटनीतिक प्रयास पनि अघि बढिरहेका छन् । पाकिस्तानले इस्लामाबादमा साउदी अरेबिया, इजिप्ट र टर्कीका विदेश मन्त्रीहरूलाई आमन्त्रण गरी क्षेत्रीय स्थिरताबारे छलफल गर्ने तयारी गरेको छ । पाकिस्तानले इरान र अमेरिकाबिच सन्देश आदानप्रदानमा मध्यस्थ भूमिका खेलिरहेको बताइएको छ ।

युद्धमा नयाँ मोर्चा थपिँदै यमनका हुथी विद्रोहीहरू पनि सक्रिय भएका छन् । इरान समर्थित उक्त समूहले इजरायलमाथि दुईवटा मिसाइल प्रहार गरेको दाबी गरेको छ । यसअघि उनीहरूले आक्रमण जारी रहेमा युद्धमा सहभागी हुने चेतावनी दिएका थिए ।

इजरायलभित्रै पनि युद्धविरुद्ध असन्तुष्टि बढ्दै गएको देखिएको छ । तेलअभिवसहित विभिन्न सहरमा सयौँ नागरिकले प्रदर्शन गरेका छन् । सुरक्षा बलले ती प्रदर्शन नियन्त्रण गर्ने प्रयास गरेको छ, यद्यपि सहभागिता क्रमश: बढ्दै गएको जनाइएको छ ।

अर्कोतर्फ, अमेरिकाले इराकी कुर्दिस्तानका नेता नेचिरवान बर्जानीको निवासमा भएको ड्रोन आक्रमणको कडा निन्दा गरेको छ । उक्त घटनामा इरान समर्थित मिलिशियाहरूको संलग्नता रहेको आरोप लगाइएको छ ।

यसैबिच, इजरायलको मध्य भागस्थित एस्ताओल गाउँमा इरानी मिसाइल प्रहार हुँदा ११ जना घाइते भएका छन् । उक्त आक्रमणले आवासीय क्षेत्रमा ठुलो खाडल बनाएको छ । यसअघि पनि सोही क्षेत्रमा भएको अर्को आक्रमणमा नौ जनाको मृत्यु भएको थियो ।

# इजरायली आक्रमणले लेबनानको २२ प्रतिशत कृषि भूमि नष्ट

बेइरुत, २९ मार्च (सिन्ह्वा) । लेबनानको कृषि मन्त्रालयका अनुसार, लगातारका इजरायली आक्रमणले करिब ४६ हजार ४७९ हेक्टर कृषि भूमि नष्ट गरेको छ, जुन देशको कुल खेतीयोग्य क्षेत्रको २२ प्रतिशत हो ।

अधिकांश नोक्सान लेबनानको मुख्य कृषि क्षेत्र दक्षिण र नबातिये प्रान्तमा केन्द्रित छ, जहाँ ४४ हजार २९७ हेक्टर भूमि प्रभावित भएको छ, अन्य क्षेत्रहरूमा मात्र दुई हजार १८१ हेक्टर प्रभावित भएको मन्त्रालयले जनाएको छ ।

फलफूल र जैतुनका रूख, हरित गृह, साना र मध्यम आकारका फार्महरू सबैभन्दा बढी प्रभावित भएका छन् । प्रभावित क्षेत्रका १५ हजार २५ किसानहरूमध्ये ७६ दशमलव ६ प्रतिशत विस्थापित भएका छन् । विशेषज्ञहरूले यसरी ठुलो विस्थापनले कृषि उत्पादनमा निरन्तरता र खाद्य सुरक्षा जोखिम बढाउने चेतावनी दिएका छन् ।

मन्त्रालयले किसानहरूको प्रत्यक्ष सहयोगमा केन्द्रित प्रतिक्रिया योजना घोषणा गरेको छ । यसमा पशुपालन संरक्षण, खाद्य आपूर्ति श्रृङ्खला सुनिश्चित गर्नु, बजार सहयोग, मूल्य निगरानी मजबुत पार्नु र आवश्यकताहरू निरन्तर मूल्याङ्कन गर्न सम्बन्धित निकायसँग समन्वय गर्नु समावेश छ ।

यसका साथै, आपतकालीन कदमहरूमा एक हजार ५१२ किसानलाई सहयोग पुऱ्याउने, करिब दुई हजार परिवारलाई आश्रय प्रदान गर्ने र ८२० मौरीकोठा सुरक्षित स्थानमा सार्ने कार्य पनि लेबनानी सेनासँगको सहकार्यमा सम्पन्न गरिएको छ ।

# दीर्घकालीन अन्तरिक्ष यात्राका लागि चीनको वैज्ञानिक योजना

पेइचिङ, २९ मार्च (सिन्ह्वा) । चीनले आफ्नो अन्तरिक्ष स्टेसनमा मानव स्वास्थ्यसम्बन्धी अनुसन्धान कार्यक्रम सुरु गर्ने तयारी गरेको छ । चीन मानवयुक्त अन्तरिक्ष एजेन्सीका अनुसार, आगामी अप्रिल १ देखि प्रस्ताव आह्वान गरिनेछ ।

यो कार्यक्रम दीर्घकालीन अन्तरिक्ष यात्रा तथा भविष्यका चन्द्रमा अवतरण अभियानका क्रममा मानव स्वास्थ्य कसरी सुरक्षित राख्ने भन्ने विषयमा केन्द्रित हुनेछ । यसमार्फत अन्तरिक्ष मानव एटलस निर्माण, अनुसन्धान डेटाबेस स्थापना तथा नयाँ वैज्ञानिक उपलब्धि हासिल गर्ने लक्ष्य राखिएको छ ।

चीनको तियानगोङ अन्तरिक्ष स्टेसन (स्वर्गीय दरबार) मा यस्ता अन्तरिक्ष चिकित्सा अनुसन्धानहरू महत्त्वपूर्ण मानिन्छन् । सन् २०२३ जुनदेखि प्रस्ताव सङ्कलन सुरु गरिएकोमा हालसम्म ३८७ परियोजना प्राप्त भइसकेका छन्, जसमध्ये ५३ परियोजना कार्यान्वयनमा गएका छन् ।

चीनले सन् २०३० सम्म मानवसहित चन्द्रमा अवतरण गर्ने लक्ष्य राखेको छ । यसै वर्ष तियानगोङमा दुई समूहका अन्तरिक्षयात्री पठाइनेछन्, जसमा एक जनाले एक वर्षभन्दा बढी समय कक्षामा बस्ने योजना छ ।

# वर्ग सङ्गठन विकासको ऐतिहासिक झलक !

न्हुछेरत्न वुद्धाचार्य

*"राज्य वर्गसङ्घर्षबाट उत्पत्ति भएको संस्था हो। यो एक वर्गले अर्को वर्गमाथि शासन गर्ने हतियार हो।"*

*- कार्ल मार्क्स*

हजारौँ वर्षसम्म मानव जातिको इतिहासमा कुनै किसिमको वर्ग विभाजन वा वर्ग शासनको सिर्जना भएको पाइँदैन । मानिस सधैँ कुनै न कुनै समूहमा रहिआएको छ । मानिस साना साना सङ्घ अथवा समूहमा नै रहन्थे ।

मानव सभ्यताको विकासको ऐतिहासिक अध्ययनमा प्राचीन समाजमा अघोषित रूपमा समाजवादी व्यवहारमा रहेको पाइन्छ । उदाहरणको लागि तिब्बतको आदिवासीको जमिनमा सामूहिक उपयोग हुन्थ्यो । दक्षिण अमेरिकाको पेरु, ब्राजिलको अमेजन बैंसी, उत्तर अमेरिकाको मेसिसिटी घाँटीका आदिवासी पनि जमिनमा सामूहिक स्वामित्व कायम गरेर बसेका थिए ।

पुर्खाहरू आध्यात्मिक चिन्तनको फराकिलो एवम् उदार भावनाको विकासरहित धार्मिक कथा सुनाएर समाजलाई अनुशासित र नैतिक बनाएर राख्थे । यसरी विभिन्न धार्मिक ग्रन्थ र इतिहासमा उल्लेखित सङ्घ, सङ्गठन र श्रेणी (वर्ग) बारे चर्चा गरिएको पाइन्छ ।

बौद्ध जातक कथाहरूमा सङ्घको उल्लेख गरिएको छ । समुद्रबन्डय जातकबाट हामी बाराणसीको नजिक सिकर्मीहरूको हजार कुटुम्ब भएको उल्लेख गरिएको छ । यी हजारमध्ये दुईजना प्रत्येक पाँच सय कुटुम्बहरूका प्रमुख थिए । कुनै बखतमा तिनीहरू सहर छोडेर आफ्ना कुटुम्बसहित कुनै टापुमा बसोबास गर्न गए । समाजमा कहिलेकाहीँ ज्येष्ठको पद पैतृक हुन्थ्यो । श्रेणी (वर्ग) का प्रमुखहरूको राज्यमा विशेष कदर हुनुका अतिरिक्त उनीहरू राजाको प्रियपात्र हुन्थे । ज्येष्ठहरूको झगडा मिलाउन अड्डा खडा गर्दथ्यो । यसैमा तिनीहरूको मुद्दा छिन्थ्यो ।

गौतम धर्म सूत्रले खेती, व्यापार, पशुपालन, दाम सापट दिने र कालिगडहरूलाई आ-आफ्नो सङ्घको लागि नियमहरू बनाउन अधिकार दिएको छ । नियमहरू बनिसकेपछि राजाले तिनीहरूलाई सञ्चालन गर्न अधिकार दिन्थे । व्यापारी र कालीगडहरूको सङ्घलाई वैधानिक अङ्ग मानिन्थ्यो ।

कहिलेकाहीँ सङ्घहरूको धन राजाले हिनामिना गरेका उदाहरण कौटिल्यले दिएका छन् । सङ्घहरूले पत्याएका तीन नाइकेहरूले धन जम्मा गर्थे र खाँचो परेको बेलामा झिक्न पाइने व्यवस्था पनि थियो ।

सङ्घका महाजनहरूको जिम्मामा भएको मालसामान कैफियत ठहरिएमा अथवा दैवी प्रकोपले हराएमा वा नासिएमा त्यसको क्षतिपूर्ति गर्नुपर्दथ्यो ।

मौर्यकालमा व्यापारका श्रेणीहरूबाहेक साझा व्यापार पनि चालू भएको बुझिन्छ । आधुनिक काम श्रेणीहरूद्वारा भएको कुरा कतै देखिँदैन । तर पनि पैसा राख्ने, सापट दिने प्रथा थियो ।

लिच्छवि र गुप्त कालमा पनि केही व्यवसायहरूका श्रेणी भएको बुझिन्छ । शुक्रले बताएबमोजिम खेतीवाल, कालीगड, लेनदेन गर्ने व्यवसायहरूका वर्गहरू थिए । यस्ता वर्गहरूमा मुखियाले अरु साधारण कामदारहरूले पाएको हिस्साको दोब्बर पाउँथ्यो । याज्ञबल्क्य, नारद, विष्णु स्मृतिहरूले यी सिद्ध गरेका छन् कि वर्गहरूलाई राज्यले मान्यता दिएको मात्र होइन अझ राज्यले तिनीहरूको नियम पालन गरेर शासन गर्थे ।

मौर्यकालमा कौटिल्यको अर्थशास्त्रबमोजिम धेरैजसो व्यवसायहरूको श्रेणीहरू हुन्थ्यो । हिसाबकिताबका अध्यक्षले सङ्घहरूका रीति व्यवसाय, लेनदेन इत्यादि विषयको इतिहास रजिस्टर कापीमा उतार्नु पर्दथ्यो ।

राम्रा सहरहरूमा कामदार तथा सङ्घहरूको बसोबासको व्यवस्था गरिदिएको हुन्थ्यो र तिनीहरूले तिरेको कर आम्दानीका स्रोतहरूमध्ये मुख्य मानिन्थ्यो । कामदारहरूको श्रेणी र सङ्घमा काम गर्नेहरू नाफा बराबर अथवा पूर्व सम्झौताअनुसार बाँडेर लिन्थे ।

कहिलेकाहीँ कामदारहरूको क्षणिक सङ्घ पनि हुन्थ्यो र तिनीहरू अरू सङ्घहरूको उत्तरदायित्वमा ठेक्काको सङ्घमार्फत गर्दथे । मौर्यकालमा कालिगडहरूको सामाजिक स्तर उच्च हुन्थ्यो । राजाको सेवामा लागेका कालिगडहरूको काममा बाधा पुऱ्याउन मानिसलाई प्राण सजाय हुन्थ्यो । त्यसैगरी, तिनीहरूका आम्दानी अर्थात् किनमेलमा बाधा हाल्नेहरूलाई रु. एक हजारसम्म जरिवाना हुन्थ्यो । तर, राजाले आज्ञा दिएका काम सङ्घका कालिगडहरूले नगरी अन्तैबाट गरेको ठहरिएमा पनि ठुलो सजाय हुन्थ्यो । नारद भन्छन्, राजाले वर्ग र सङ्घहरूको नियमहरू पालन गर्नुपर्दछ । हुन पनि धर्म जाति इत्यादिका परवाह नगरी मुलुकको विधानमा बाधा नपर्ने गरी बनाएका नियमहरूलाई राजाले मान्यता नदिने के कुरो भयो र ? सङ्घमा फुट पैदा गराउने व्यक्ति सङ्क्रामक रोग सरह मानिन्थ्यो र त्यसलाई ठुलो सजाय हुनुको अतिरिक्त देश निकाला गरिन्थ्यो । याज्ञवल्क्यको भनाइअनुसार वर्गहरूले सङ्घको धन ग्रहण गर्न पाउँथे । आजकालका सङ्घहरूमा झैँ यिनीहरूले नियमहरू बनाउँदा धर्मशास्त्र र राजाले अख्तियार गरिदिएका नियमहरू नाघ्नु हुँदैन ।

वर्गहरूको कार्यकारिणीमा केही धर्मात्मा व्यक्तिहरू नियुक्त गरिन्थ्यो । यदि तिनीहरूले मुलुकको नियम मिचेर काम गरेमा राजदण्डको भागी हुनुपर्थ्यो । कार्यकारिणीको कुनै सदस्यले बलमिचाइ गरी नियम उल्लङ्घन गरेमा सङ्घले त्यसलाई हटाउन सक्थ्यो । कहिलकाहीँ बेग्लाबेग्लै सङ्घहरू मिलेको देखिएमा राजाले त्यसलाई विघटन गरिदिन्थे ।

राजाको इच्छाविरुद्ध वा कुनै अनैतिक काम गरेको देखेमा पनि राजाले सङ्घको काममा हस्तक्षेप गर्थे । सङ्घका सदस्यहरूलाई भेला गराउन ढोलक बनाइन्थे र सोही ढोलकको आवाज सुनेर तिनीहरू सङ्घमा उपस्थित हुन्थे ।

शुक्रको भनाइबमोजिम सङ्घलाई न्यायसम्बन्धी अधिकार पनि प्राप्त गराउनुपर्छ । किनभने, तिनीहरूले बनाएका नियमहरू राजाद्वारा स्वीकृति पाएपछि तिनै नियमविपरीत न्याय पालन गरेमा त्यस्तो अधिकार दिनुमा बाधा पर्ने कुरै छैन ।

सङ्घहरूले कैयन् सार्वजनिक हितका कामहरू गरेको बुझिन्छ । सङ्घहरू आफ्नै व्यवसायमा लागेर अर्काको हितको काम गरेको पनि देखिन्छ । यसरी प्राचीन संस्कृतिको उन्नति गर्नमा पनि तत्पर भएका सङ्घहरूको ठुलो देन छ ।

**सन्दर्भ सामग्री**
१. कौटिल्यको अर्थशास्त्र
२. धम्मपद
३. प्राचीन वर्ग सङ्गठनको देन- गुणदेव भट्टराई (नेपाल पत्रिका त्रिविवि)
४. हाम्रो समाजवादी पुर्खा - डा. देवीप्रसाद अर्याल ('राजधानी' पत्रिका, २०७९)
५. विष्णु पुराण

# साना बालबालिकामा स्मार्टफोन प्रयोग बढ्दो आक्रोश र व्यवहारिक चुनौती

लक्ष्मी क्षेत्री

नेपालमा डिजिटल प्रविधिको तीव्र विस्तारसँगै स्मार्टफोन बालबालिकाको दैनिक जीवनको अभिन्न हिस्सा बन्दै गएको छ । विशेषगरी सहरी क्षेत्रमा साना उमेरदेखि नै बालबालिकाले मोबाइल प्रयोग गर्न थालेका छन् । यसले एकातिर सिकाइका नयाँ अवसरहरू सिर्जना गरेको छ भने अर्कोतिर उनीहरूको शारीरिक, मानसिक तथा सामाजिक विकासमा चुनौतीहरू थपिएका छन् ।

BMJ Open Ophthalmol ले भक्तपुर जिल्लामा ३ देखि १० वर्ष उमेर समूहका ६३० बालबालिकामाथि गरिएको एक अध्ययनअनुसार ५५.२ प्रतिशत बालबालिकामा अत्यधिक स्क्रिन टाइम देखिएको छ । कोभिड-१९ अघि दैनिक औसत स्क्रिन प्रयोग करिब १ घण्टा रहेकोमा महामारीपछि यो बढेर २.२ घण्टा पुगेको पाइयो । साथै, ९५.९ प्रतिशत घरमा स्मार्टफोन उपलब्ध रहेको र अधिकांश बालबालिकाले त्यसमा सजिलै पहुँच पाएको देखिन्छ । यी तथ्याङ्कहरूले स्मार्टफोनको पहुँच मात्र होइन, यसको अत्यधिक प्रयोग पनि बढ्दै गएको पुष्टि गर्छ ।

अत्यधिक मोबाइल प्रयोगले बालबालिकाको व्यवहारमा सीधा असर पार्छ । उनीहरूमा चिडचिडापन, आक्रामकता र भावनात्मक असन्तुलन बढ्न सक्छ । लामो समय मोबाइलमा बिताउँदा धैर्यता घट्ने, सानो कुरामा रिसाउने र नियन्त्रण गुमाउनेजस्ता समस्या देखिन्छन् । यसका साथै, ध्यान केन्द्रित गर्ने क्षमता कमजोर हुनु, भाषा विकासमा ढिलाइ हुनु र साथीहरूसँग खेल्ने बानी घट्नुजस्ता समस्या पनि बढ्दै जान्छन्, जसले उनीहरूको सामाजिक सीप र भावनात्मक विकासमा नकारात्मक प्रभाव पार्छ ।

आजको समयमा समस्या बालबालिकामा मात्र सीमित छैन, अभिभावकको व्यवहार पनि यसको मुख्य कारण बन्दै गएको छ । धेरै अभिभावकहरू खाना पकाउँदा मोबाइलमै व्यस्त हुन्छन्, एक्लै बस्दा सामाजिक सञ्जालमा रमाउँछन् र बाथरूमसम्म पनि मोबाइल लिएर जाने बानी हुन्छ । यसले परिवारभित्रको समय घटाउँदै लगेको छ । जब घरमा सबैजना आ-आफ्नो मोबाइलमा व्यस्त हुन्छन्, परिवारबिच कुराकानी कम हुन्छ, भावनात्मक सम्बन्ध कमजोर हुन्छ र एकअर्कालाई बुझ्ने अवसर घट्छ । यसका कारण गलत बुझाइ र द्वन्द्व बढ्ने सम्भावना हुन्छ ।

पहिलेका समयमा बालबालिकाहरू बाहिर साथीहरूसँग खेल्थे, समुदायमा घुलमिल हुन्थे र शारीरिक तथा सामाजिक रूपमा सक्रिय हुन्थे । तर, अहिले अभिभावकहरू दैनिक जीवनमा अत्यन्त व्यस्त भएका छन् र बालबालिकालाई बाहिर खेल्ने अवसर पनि कम हुँदै गएको छ । त्यसैले अहिलेको अवस्थामा मोबाइल नै 'All in one solution' जस्तै बनेको छ, जसले खेल्ने, हेर्ने र बच्चालाई चुप गराउने सबै काम गर्छ ।

विद्यालयमा हुने अभिभावक बैठकहरूमा प्रायः एउटै समस्या दोहोरिन्छ—मोबाइल नदिँदा बच्चाले खाना खान मान्दैन, मोबाइल खोसेपछि धेरै रुन्छ र मोबाइलबिना शान्त बस्न सक्दैन । यी अवस्थाले देखाउँछ कि बालबालिकामा मोबाइलप्रति निर्भरता बढिसकेको छ ।

यस समस्यालाई समाधान गर्न सानो प्रयासले पनि ठुलो परिवर्तन ल्याउन सक्छ । अभिभावकहरूले दिनमा केही समय मोबाइलबिना परिवारसँग बिताउने बानी बसाल्नुपर्छ । खाना खाने बेला मोबाइल बन्द गरी संवाद, कथा वा रमाइलो वातावरण सिर्जना गर्नुपर्छ । बालबालिकाका लागि सीमित स्क्रिन टाइम निर्धारण गर्नु आवश्यक छ । साथै, अभिभावकले आफै मोबाइल प्रयोगमा सचेत भएर उदाहरण प्रस्तुत गर्नुपर्छ । बालबालिकालाई खेल्न, दौड्न र साथीहरूसँग घुलमिल हुन प्रोत्साहन दिनु पनि उत्तिकै आवश्यक छ । बिदाको समयमा पारिवारिक जमघट, नयाँ ठाउँ घुमघाम, पुस्तकालय, पार्क तथा मार्टहरूमा लगेर पनि बालबालिकासँग गुणस्तरीय समय बिताउन सकिन्छ भने यसो गर्दा बालबालिकाले धेरै कुरा सिक्ने हुन्छ र मोबाइलको स्क्रिन समय पनि घट्छ ।

विद्यालयहरूले पनि खेलमुखी सिकाइलाई प्राथमिकता दिनु, अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्नु र बालबालिकालाई सक्रिय बनाउने वातावरण सिर्जना गर्नु आवश्यक छ ।

अन्ततः, स्मार्टफोन आफैँ समस्या होइन, यसको अनियन्त्रित प्रयोग नै मुख्य चुनौती हो । भक्तपुरको तथ्याङ्कले देखाएझैँ यदि समयमै ध्यान नदिइएमा यसले बालबालिकाको व्यवहार, सम्बन्ध र समग्र विकासमा गम्भीर असर पार्न सक्छ । त्यसैले, अभिभावक, विद्यालय र समाजको संयुक्त प्रयास, सन्तुलित प्रयोग र सचेत व्यवहारमार्फत मात्र स्वस्थ, खुसी र सन्तुलित बालबालिका हुर्काउन सकिन्छ ।

***(लेखिका अमरज्योति ज्ञानकुञ्ज विद्यालयका उपप्रधानाध्यापक हुनुहुन्छ ।)***

# परम्परा तोड्दै 'कोर्ट म्यारिज' प्रति आकर्षण बढ्दो

नारायण न्यौपाने

काठमाडौँ, । यही चैत ११ गतेका दिन कालो जिन्सको ज्याकेट र पाइन्टमा जिल्ला अदालत काठमाडौँ परिसरमा भेटिनुभएका बाजुरा त्रिवेणी नगरपालिका-७ का लोकेसकुमार अयडी निकै हतारमा देखिनुहुन्थ्यो । उहाँसँगै सोही जिल्लाकै गौमूल-४ की पुनम कुँवर हरियो कुर्ता सुरुवालमा अघिपछि गर्दै हुनुहुन्थ्यो । उहाँहरू अदालतमा अन्य कुनै प्रशासनिक झमेला र न्यायका लागि आउनुभएको भने थिएन ।

उहाँहरू त्यहाँ अदालती विवाह अर्थात् दर्ता विवाहका लागि आउनुभएको थियो । आवश्यक प्रक्रिया पूरा गरिसकेपछि दुलाहा अयडी र दुलही कुँवरले सोही दिन नै विवाह दर्ताको प्रमाणपत्र प्राप्त गर्नुभयो । वैदेशिक रोजगारीका सिलसिलामा जापानमा रहनुभएका अयडी छोटो बिदामा नेपाल आएर घरपरिवारसँगको सहमतिमा अदालती विवाह गर्नुभयो ।

दुलहा अयडी भन्नुहुन्छ, "चैत महिना छ, परम्परागत विवाह गर्न लगन, तिथि र मिति जुरेन । त्यो नभएपछि घरपरिवारको अनुमतिमा अदालती विवाह गर्ने निधो गरेँ । घर पुग्न सम्भव भएन, कम खर्चिलो, छोटो समयमा हुने भएकाले यो बाटो रोजेको हुँ ।" त्यसो त धेरैले विवाह भन्ने बित्तिकै गर-गहनासहित चिटिक्कै वेशभूषामा सजिएका दुलहादुलही परम्पराअनुसारको सजावट सम्झिनु स्वाभाविक हो ।

चैत १० गते तनहुँको भानु नगरपालिका-१२ का कसम पन्त र धादिङ त्रिपुरासुन्दरी गाउँपालिका-१ की भावना गिरीले पनि सोही अदालतबाट दर्ता विवाह गर्नुभयो । पन्त र गिरीको जोडी सामान्य पोसाकमा विद्यार्थीझैँ पछाडि ब्याग भिरेर भर्खरै प्राप्त गरेको दर्ता विवाहको प्रमाण लिई 'साइन बोर्ड'मा अदालत लेखिएको अक्षर कैद हुने गरी तस्बिर खिचाइरहनुभएको थियो ।

दुलहा पन्तले भन्नुभयो, "स्वअध्ययनबाट 'कोट म्यारिज' भरपर्दो, विश्वासिलो हुन्छ भन्ने थाहा पाएर यहाँ आएको हुँ, यो आफैँ पनि कानुनी विवाह हो । केटाकेटी र घरपरिवार राजी भएमा छोटो समयमा पूरा हुने, कम खर्चिलो, सजिलो र परिवारलाई आर्थिक भार व्यहोर्न नपर्ने विवाह हो ।"

पछिल्लो समय बढोको सहरीकरण, वैदेशिक रोजगारी, व्यस्तता तथा भड्किलो बनिरहेको सामाजिक परम्पराले दर्ता विवाह (कोर्ट म्यारिज) प्रति आम नागरिकको चासो र आकर्षण बढेको देखिन्छ । अदालती विवाहले बाल-विवाह, बहु-विवाह, झूटो-विवाहलाई निरुत्साहित गर्ने र समयको बचत गरी दाइजो प्रथाजस्ता सामाजिक कुप्रथालाई पनि न्यूनीकरण गर्ने हुँदा यसप्रति समाज सकारात्मक बन्दै गएको हो ।

काठमाडौँ जिल्ला अदालतमा सबैभन्दा धेरै गत फागुनमा एकैदिन २७ जोडीले दर्ता विवाह गरेको तथ्याङ्क छ । अदालतका सूचना अधिकृत दीपककुमार श्रेष्ठका अनुसार लगन भएको दिन अधिकतम २७ र अघिपछि सरदर दैनिक १० वटासम्म दर्ता विवाह हुने गरेका छन् ।

चालु आर्थिक वर्षको नौ महिनामा (चैत ११ गतेसम्म) त्यस अदालतबाट एक हजार ७५५ वटा दर्ता विवाह भएको उहाँले जानकारी दिनुभयो । अघिल्लो आर्थिक वर्षमा दर्ता विवाहका लागि दुई हजार ८४३ निवेदन परेका थिए ।

नेपाली परम्पराअनुसार लगनका आधारमा विवाहका लागि उपयुक्त महिना तोकिएका हुन्छन् । तर, त्यस्ता परम्परागत विवाहका महिना नमानिने साउनमा १९४, कार्तिकमा १५९, पुसमा २२६ र चैतको ९ गतेसम्म ६७ वटा दर्ता विवाह भएको काठमाडौँ जिल्ला अदालतको अभिलेखमा उल्लेख छ ।

**दर्ता विवाहमा कानुनको प्रोत्साहन**

समाजशास्त्री टीकाराम गौतम दर्ता विवाह आधुनिक समाजको विशेषता र समाज परिवर्तनको सङ्केतका रूपमा रहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "समाजमा हुने सबै संस्कृतिलाई सामाजिक संरचना र मानिसका आवश्यकतासँग जोडेर व्याख्या गरिन्छ । अहिले नेपाली समाजको धार्मिक, राजनीतिक, सांस्कृतिकलगायत सामाजिक संरचना हिजोभन्दा धेरै परिवर्तन भएको छ । त्यो अभ्यास बदलिने क्रममा दर्ता विवाहको सङ्ख्या पनि बढेको हो ।"

दर्ता विवाह गर्ने जोडीहरू अधिकांश अध्ययन, व्यापार, रोजगारीका सिलसिलामा विभिन्न पेसा व्यवसायमा काठमाडौँमा रहेका र विवाह दर्ताका लागि आफ्नो स्थायी ठेगानामा जान अनुकूल नहुनेहरू हुने गरेका छन् ।

"वैदेशिक रोजगारीमा युवा विदेश जाने क्रम बढेसँगै यो सङ्ख्या पनि बढेको पाइन्छ । केटा होस् वा केटी विदेशबाट नेपाल आई दर्ता विवाह गर्दा दुवैका लागि आधिकारिक र प्रमाणित कागजात बन्ने हुनाले पनि यसको महत्त्व बढेको हो," उहाँ भन्नुहुन्छ ।

**पाँच सय रूपैयाँमा विवाह**

दर्ता विवाहका लागि दुबै पक्षको साक्षीको नागरिकताको प्रमाणित नक्कल प्रतिलिपिसहित केटाकेटीले कानुनबमोजिम आफूहरू विवाहका लागि योग्य छौँ भनी तस्बिर टाँसेर निवेदन दिनुपर्ने हुन्छ । अदालतले दर्ता विवाह गरेबापत रु. ५०० शुल्क लिने गरेको छ । काठमाडौँ जिल्ला अदालतमा विवाहका लागि आइपुग्नुभएका कैलाली लम्कीका विनोद विष्ट रोजगारीका लागि सर्बिया जान लागेकाले छोटो समयको सदुपयोग गर्दै दर्ता विवाह गरेको बताउनुभयो ।

१० गते उहाँ कैलालीकै रश्मी बडुवालसँग वैवाहिक बन्धनमा बाँधिनुभएको छ ।

कानुनमा अदालती दर्ता विवाहका लागि सात दिनको समय निर्धारण गरे तापनि सबै कागजात पुऱ्याएको खण्डमा एकै दिन विवाह दर्ता प्रमाणपत्र दिँदै आएको अदालतका सूचना अधिकारी श्रेष्ठले बताउनुभयो ।

काठमाडौँमा मुलुकका ७७ जिल्लाका नागरिक बसोबास गर्ने तथा कतिपय अवस्थामा हतारमा विवाह गरेर विदेश जानुपर्ने अवस्थालाई दृष्टिगत गरी दुई घण्टाभित्रै पनि प्रमाणपत्र दिन सकिने व्यवस्था गरिएको उहाँले स्पष्ट पार्नुभयो ।

अदालती विवाहले नेपाली समाजमा विगतमा देखिँदै आएको जातीय विभेद न्यूनीकरण गर्नसमेत सहयोग पुऱ्याएको दलित अधिकारकर्मीको बुझाइ छ ।

नेपाली-नेपालीबिचमा विवाह गराउनका लागि दुबै जना अविवाहित भएको केटा र केटीको स्थायी बसोबासको सम्बन्धित वडा कार्यालयको सिफारिस आवश्यक पर्छ भने विदेशीको हकमा कम्तीमा १५ दिन नेपालमा बसोबास गरेको कागजात हुनुपर्छ । यहाँस्थित सम्बन्धित देशको दूतावासबाट 'नो अब्जेक्सन लेटर' तथा विवाहयोग्य भएको प्रमाणित सिफारिस आवश्यक पर्छ ।

# इरान युद्ध : वास्तविक मध्यस्थ भारत हो, पाकिस्तान होइन

✍ रोबर्ट टी. कियोसाकी

सबैजना अहिले पाकिस्तानलाई सन्देशवाहकको भूमिका खेलिरहेको रूपमा हेर्दै छन् । तर, त्यस कथाभन्दा पछाडि के भइरहेको छ भन्ने कुरामा खासै ध्यान दिइएको छैन । विटकोफ र कुश्नर पाकिस्तान जानुअघि, पाकिस्तानका सेना प्रमुखले ट्रम्पलाई फोन गर्नुअघि र इस्लामाबादमा कुनै पनि औपचारिक वार्ता सुरु हुनुअघि नै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग लामो र प्रत्यक्ष संवाद गरेका थिए । यो संवाद युद्धको अवधिमा भएका प्रारम्भिक र महत्त्वपूर्ण नेतास्तरीय वार्तामध्ये एक थियो, जसलाई भारतस्थित अमेरिकी राजदूतले पनि पुष्टि गरेका थिए ।

त्यसै दिन भारतका विदेशमन्त्री एस जयशङ्करले नयाँ दिल्लीमा इरानका राजदूतसँग विस्तृत छलफल गरे । भारतले एकै समयमा दुवै पक्षसँग संवाद अघि बढाइरहेको स्पष्ट देखिन्थ्यो । त्यसपछि जयशङ्करले इरानका विदेशमन्त्री अब्बास अरगाचीसँग २ हप्ताको अवधिमा चार पटकसम्म कुराकानी गरे, जसले भारतको सक्रिय कूटनीतिक संलग्नतालाई अझ स्पष्ट बनाउँछ ।

रणनीतिक दृष्टिले हेर्दा यो युद्धमा भारत एकमात्र यस्तो ठुलो शक्ति देखिन्छ जसले सबै पक्षसँग एकैसाथ विश्वास कायम राखेको छ । इरानसँग भारतको दशकौँ पुरानो ऊर्जा सम्बन्ध छ, तेल आयात, चाबहार बन्दरगाह सञ्चालन र निरन्तर कूटनीतिक सम्पर्क यसका उदाहरण हुन् । त्यस्तै, अमेरिकासँग पनि भारतको बलियो रणनीतिक साझेदारी छ, जसमा रक्षा सहकार्य र क्वाड गठबन्धनजस्ता पक्षहरू समावेश छन् ।

खाडीक्षेत्रमा रहेका करीब ९० लाख भारतीय कामदारहरूले भारतको उपस्थिति अझ सुदृढ बनाउँछन्, जसले आर्थिक र सामाजिक दुवै दृष्टिले ठुलो प्रभाव पार्छ । साथै, सन् २०२६ मा ब्रिक्सको अध्यक्षता भारतले गर्ने भएकोले रूस र चीनजस्ता शक्तिहरूसँग पनि यसको समन्वयात्मक सम्बन्ध रहेको छ । यी सबै पक्षको सङ्गममा बस्ने अर्को कुनै देश देखिँदैन, न पाकिस्तान, न टर्की, न इजिप्ट । यो स्थानमा भारत नै देखिन्छ ।

यद्यपि, पाकिस्तानलाई मध्यस्थका रूपमा प्रस्तुत गर्ने प्रयास भइरहेका छन् तर, यस विश्लेषणअनुसार पाकिस्तानको भूमिका मुख्यत: सन्देशवाहकको मात्र देखिन्छ । इरानसँग पाकिस्तानको विश्वासको स्तर सीमित छ, विशेषगरी साउदी अरेबियासँगको रक्षा सम्बन्धका कारण । त्यस्तै, अमेरिकासँग पनि पाकिस्तानको सम्बन्ध पूर्ण विश्वासमा आधारित छैन । यस सन्दर्भमा भारतका विदेशमन्त्रीले स्पष्ट रूपमा भनेका छन् कि भारत दलाली गर्ने राष्ट्र होइन, र पैसाका लागि मध्यस्थता गर्दैन ।

आर्थिक दृष्टिकोणबाट हेर्दा यो युद्धले सबैभन्दा बढी प्रभाव पार्ने गैरसङ्घर्षरत देशमध्ये भारत अग्रस्थानमा छ । भारतले करीब ९० प्रतिशत कच्चा तेल आयात गर्छ, जसको ठुलो अंश हर्मुज जलडमरूमध्य हुँदै आउँथ्यो । खाडी क्षेत्रमा रहेका भारतीय कामदारबाट आउने विप्रेषण पनि भारतीय अर्थतन्त्रका लागि अत्यन्त महत्त्वपूर्ण छ । साथै, भेनेजुयलाको भारी कच्चा तेल प्रशोधन गर्न सक्ने सीमित देशमध्ये भारत एक हो, जसले यसलाई ऊर्जा सन्तुलनमा महत्त्वपूर्ण बनाउँछ । इजरायलसँगको राम्रो सम्बन्धले पनि भारतलाई थप रणनीतिक लचकता प्रदान गरेको छ ।

अन्तत:, भारतले यो युद्ध पूर्ण रूपमा रोक्न सक्ने सम्भावना कम भए पनि मध्यस्थताको भूमिका खेल्न सक्ने क्षमता भने अवश्य राख्छ । अहिले देखिएको कूटनीतिक गतिविधिहरूले पनि भारत शान्त तर प्रभावकारी रूपमा यो प्रक्रियामा संलग्न रहेको सङ्केत दिन्छन् । त्यसैले, इस्लामाबादमा भइरहेका वार्ताभन्दा बाहिर निस्केर यो युद्धमा भारतको भूमिकालाई गम्भीरतापूर्वक अवलोकन गर्न आवश्यक देखिन्छ ।

*(रोबर्ट कियोसाकीको फेसबुकबाट)*

***साभार : आर्थिक अभियान, १५ चैत २०८२***

# प्रजग कोरिया : अमेरिकासम्म पुग्ने मिसाइल तयारी तीव्र



सियोल, २९ मार्च (एपी) । प्रजातान्त्रिक जनगणतन्त्र (प्रजग) कोरियाले आफ्नो रणनीतिक सैन्य क्षमता विस्तार गर्ने दिशामा अर्को महत्त्वपूर्ण कदम चाल्दै उच्च-थ्रस्ट ठोस इन्धनयुक्त क्षेप्यास्त्र इन्जिनको परीक्षण गरेको छ । यसलाई अमेरिकाको मुख्य भूमिसम्म प्रहार गर्न सक्ने मिसाइल कार्यक्रमसँग जोडेर हेरिएको छ ।

प्रजग कोरियाली नेता किम जोङ उनले उक्त इन्जिन परीक्षण प्रत्यक्ष अवलोकन गर्नुभएको र यसलाई देशको सैन्य शक्ति थप उकास्ने महत्त्वपूर्ण उपलब्धि बताउनुभएको कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) ले जनाएको छ । परीक्षण गरिएको इन्जिन कम्पोजिट कार्बन फाइबर सामग्री प्रयोग गरी उन्नत बनाइएको बताइएको छ । यसको अधिकतम थ्रस्ट दुई हजार ५०० किलोटन पुगेको उल्लेख गरिएको छ । यसअघि सेप्टेम्बरमा परीक्षण गरिएको यस्तै इन्जिनको क्षमता करिब एक हजार ९७१ किलोटन रहेको थियो ।

विश्लेषकहरूका अनुसार इन्जिनको थ्रस्ट क्षमता वृद्धि गर्नुको उद्देश्य एउटै क्षेप्यास्त्रमा बहु वारहेड जडान गर्ने सम्भावना बढाउनु हुन सक्छ, जसले प्रतिरक्षा प्रणाली छल्ने क्षमता थप मजबुत बनाउँछ । यद्यपि, परीक्षण कहिले र कहाँ गरिएको हो भन्नेबारे केसिएनएले स्पष्ट जानकारी दिएको छैन ।

यो परीक्षण प्रजग कोरियाको पाँचवर्षे सैन्य आधुनिकीकरण योजनाअन्तर्गत गरिएको हो, जसको लक्ष्य 'रणनीतिक आक्रमणका साधनहरू' लाई स्तरोन्नति गर्नु रहेको बताइएको छ । यसले अन्तरमहाद्वीपीय ब्यालिस्टिक मिसाइल (आइसिबिएम) विकासलाई सङ्केत गर्छ, जसले अमेरिकाको मुख्य भूमिसम्म प्रहार गर्न सक्ने क्षमता राख्ने मानिन्छ ।

किमले पछिल्लो परीक्षणले देशको रणनीतिक शक्ति उच्च स्तरमा पुर्‍याउने महत्त्व राख्ने बताउनुभएको छ । पछिल्ला वर्षहरूमा प्रजग कोरियाले विभिन्न प्रकारका आइसिबिएम परीक्षण गर्दै आएको छ, विशेषगरी ठोस इन्धन प्रयोग गर्ने प्रविधिमा प्रगति गरेको छ । यस्तो इन्धनयुक्त मिसाइलहरू छिटो प्रक्षेपण गर्न सकिने र पहिल्यै पत्ता लगाउन कठिन हुने भएकाले अझ खतरनाक मानिन्छ । यसअघि प्रयोग हुँदै आएका तरल इन्धन मिसाइलहरू प्रक्षेपणअघि लामो तयारी आवश्यक पर्ने र लामो समयसम्म तयार अवस्थामा राख्न नसकिने कमजोरी रहेका थिए ।

तर केही अन्तर्राष्ट्रिय विज्ञहरूले प्रजग कोरियाले अझै पूर्ण रूपमा कार्यक्षम आइसिबिएम विकास गर्न प्राविधिक चुनौतीहरू सामना गरिरहेको बताएका छन् । विशेषगरी वारहेडलाई वायुमण्डलीय पुन:प्रवेशका क्रममा हुने अत्यधिक ताप र दबावबाट सुरक्षित राख्ने विषय चुनौतीपूर्ण रहेको उनीहरूको भनाइ छ । यद्यपि, अन्य विश्लेषकहरू भने प्रजग कोरियाले लामो समयदेखि गरेको लगानी र परीक्षणका आधारमा ती अवरोधहरू पार गरिसकेको हुन सक्ने तर्क गर्छन् ।

यसैबिच, प्रजग कोरियाले आफ्नो आणविक कार्यक्रमलाई थप विस्तार गर्ने नीति निरन्तर अघि बढाइरहेको छ । नेता किमको अमेरिकासँगको उच्चस्तरीय कूटनीतिक प्रयास सन् २०१९ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग असफल भएपछि यस्तो रणनीति थप आक्रामक बनेको देखिन्छ । हालै फेब्रुअरीमा आयोजित सत्तारूढ वर्कर्स पार्टीको बैठकमा किमले अमेरिकासँग वार्ताका लागि ढोका खुला राखे पनि त्यसका लागि प्रजग कोरियाको आणविक नि:शस्त्रीकरणको माग त्याग्न वासिङ्टनलाई आग्रह गर्नुभएको थियो ।

यसबिच, किमले हालै संसद्मा सम्बोधन गर्दै आफ्नो देशको आणविक शक्ति हैसियतलाई अपरिवर्तनीय बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो र मध्यपूर्वको विकसित परिस्थितिलाई उल्लेख गर्दै अमेरिकामाथि 'वैश्विक राज्य आतङ्कवाद र आक्रामकता' को आरोप लगाउनुभएको थियो ।

*अध्यक्ष...*

**अध्यक्ष ओली र पूर्वगृहमन्त्री पक्राउविरूद्ध बन्दीप्रत्यक्षीकरणको रिट दायर**

यसअघि नेपाल एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउविरूद्ध सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर भएको छ । अध्यक्ष ओलीकी पत्नी राधिका शाक्यले उहाँलाई गैरकानुनी थुनामा राखिएकोले थुनामुक्त गर्न माग गर्दै सर्वोच्चमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गर्नुभएको हो ।

सर्वोच्च अदालतमा प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार पूर्वगृहमन्त्री लेखकलाई गैरकानुनी रूपमा थुनामा राखिएको जिकिर गरिएको रिटको सुनुवाइ पनि भोलि नै हुनेछ ।

# निर्वाचनबारे संवाद ७

✍ आयसाश्री

***(खड्काजी र थापाजी फरक पालिकाका भए पनि दुवै एउटै कलेजमा पढ्छन् । कलेजको चिया पसलमा दुई जनाबिच फागुन २१ गतेको चुनावबारे छलफल हुन्छ ।)***

खड्काजी : सशस्त्र द्वन्द्वको दस वर्ष नेतृत्व दाबी गरी सार्वजनिक भएको पुष्पकमल दाहालले आफ्नो नेतृत्वको नेपाली कम्युनिस्ट पार्टीका आधा केन्द्रीय सदस्यले विपक्षी पार्टी रास्वपालाई मत दिएको बताए, यो के हो त ?

थापाजी : शासक दलहरू सिद्धान्तनिष्ठ भएका भए भदौ २३ गतेको हत्या र भदौ २४ गतेको देशभरिको सार्वजनिक सम्पत्तिमा आगजनी हुने नै थिएन । शासक दलहरू चुनाव जित्न र सरकार सञ्चालन गर्न साम्राज्यवाद र विस्तारवादको भर पर्दै आएको पुरानो विषय हो । शासक दलहरूका केन्द्रीय सदस्य एकतिहाइ साम्राज्यवाद र विस्तारवादको दोहोरो तलब खाने हुनसक्ने विषय पनि अगाडि नै सार्वजनिक भएको हो ।

खड्काजी : पार्टी परिवर्तन गरेर चुनाव जितेका सांसद र मन्त्रीहरूबाट देश र जनताको हित होला ?

थापाजी : सबै शासक दलहरू एउटै ड्याङका मुलाजस्तै भएको पुन: पुष्टि भयो । यी शासक दलहरूमा पार्टी परिवर्तन सामान्यजस्तै भइरहेको पनि पुरानै हो । सिद्धान्त र समर्पण भएको भए ती पार्टीमा तिहुन चाखुवाहरूको हालीमुहाली हुने थिएनन् ।

खड्काजी : दुईतिहाइको सरकार गठन भएको पनि चर्चा छ नि ?

थापाजी : सिक्किममा भारतीय शासकवर्गको सहयोगमा झन्डै शतप्रतिशत सांसद लेण्डुपको पार्टीले जितेको थियो । त्यही सरकारले सिक्किम देशलाई भारतमा विलय गरायो । नेपालमा यो खतराबारे चर्चा चलिरहेको धेरै भयो ।

खड्काजी : निर्वाचनमा मत सर्वेक्षण गर्न नपाउने आचारसंहिता बनाइएको होइन र ?


थापाजी : जनतालाई भ्रमित पार्न आफ्नो पक्षमा मत सर्वेक्षण बढी पारेर सामाजिक सञ्जालमा राख्ने पार्टीका उम्मेदवारलाई निर्वाचन आयोगले तत्कालै उम्मेदवारी खारेजीको कारबाही गर्नुपर्ने थियो । यसरी निर्वाचन आयोगसमेत निष्पक्ष नभएको पुष्टि भयो ।

खड्काजी : नेमकिपाले भक्तपुरबाट स्थानीय र संसद्मा प्रतिनिधित्व गरी देश र जनताको नि: स्वार्थ सेवा गर्दै आएको होइन र ?

थापाजी : यो यथार्थ देशका सबै जनतालाई थाहा भएको विषय हो । कुहिएको आलुले पूरै बोराका आलु कुहाउँछ भनेजस्तै स्वार्थीहरूले नेपालका लेण्डुपहरूको पक्ष लिएको सार्वजनिक भइरहेको छ । नेमकिपा सत्यको बाटो हिँडिरहेको छ । अन्तत: नेपाली जनता नेमकिपाको यो सत्यको बाटोमा आएर देशको विकास गर्नुपर्ने अवस्था छ ।

*२०८२ चैत १५ गते ।*

## हार्दिक श्रद्धाञ्जली



जन्म १९९०/03/२७ — निधन २०८२/१२/04

यस विद्यालयका प्रशासन सहायक तथा हाम्रा अनन्य मित्र वीरेन्द्र कर्माचार्यकी ममतामयी माता **गर्गदेवी कर्माचार्य**को निधनको १३ औं दिनको पुण्यतिथिको क्षणमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं। उहाँको निधनले हामी सबैलाई मर्माहत बनाएको छ । उहाँको माया, स्नेह र त्याग सधैं सम्झनायोग्य रहनेछ । यस दु:खद क्षणमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं ।

**राम हाडा**
प्राचार्य एवम्
**श्री पद्म माध्यमिक विद्यालय/पद्म कलेज परिवार**

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मिति: २०८२/१२/१६ गते**

भक्तपुर नगरपालिकाबाट सवारी साधनहरूको पुराना टायर र झुरा कागजहरू बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, सङ्घ, संस्था वा फर्म/कम्पनीहरूले आधिकारिक दर्ता प्रमाणपत्र र नागरिकताको प्रतिलिपिसहित रीतपूर्वक ७ (सात) दिनभित्र प्रति/के.जी.को दररेट सिलबन्दी रूपमा भ.न.पा.कार्यालयमा पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि ०१-६६२०४०२ मा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

## हार्दिक बधाई तथा शुभकामना



यस संथाका अध्यक्ष, भक्तपुर जिल्ला तेक्वान्डो सङ्घका निवर्तमान अध्यक्ष एवम अन्तर्राष्ट्रिय तेक्वान्डो निर्णायक **श्री श्याम तजले** मिति २०८२/१२/१३ गते सम्पन्न **नेपाल तेक्वान्डो सङ्घ वाग्मती प्रदेशको दोस्रो अधिवेशनबाट वाग्मती तेक्वान्डो सङ्घमा सदस्य मनोनीत** हुनुभएकोमा **हार्दिक बधाई** तथा खेल जगतमा अझ प्रगति गर्न सकोस् भनी **शुभकामना** व्यक्त गर्दछ ।

**सहलह बचत तथा ऋण सहकारी संस्था लि.**
गोल्मढी–७ भक्तपुर, ६६१५६१४

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा